# खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय द्वारा संचालित

स्नातकोत्तर द्धितीय वर्षको Ed. ५९८ को आंशिक

आवश्यकता परिपूर्तिका निमित्त

प्रस्तुत

**शोधपत्र**


प्रस्तुतकर्ता

डिल्ली रमण पौडेल

त्रि.वि. र.नं. : ३४०३७००८५

परीक्षा सि.नं. : २१४००४०

शैक्षिक सत्र : ०६३-०६४



**श्री सुकुना बहुमुखी क्याम्पस**

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ्ग

२०६७

# प्राक्कथन

त्रिभुवन विश्वविद्यालय स्नातकोतर तह शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत दोस्रो वर्षको आशिंक आवश्यकता पूरा गर्नका लागि यो शोध पत्र तयार पारिएको हो । "खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता" शीर्षक भित्र रहेर यो शोध कार्य गरिएको छ । पाँच खण्डमा विभाजित यस शोध पत्रमा पहिलो खण्डमा परिचय राखिएको छ भने दोस्रो खण्डमा सम्वन्धित साहित्य र सैद्धान्तिक खाकाको पुनरावलोकन गरिएको छ । त्यसै गरी तेस्रो खण्डमा अध्ययन विधि, चौथो खण्डमा तथ्याङकको विश्लेषण र व्याख्या र पाँचौ खण्डमा प्राप्ति, निष्कर्ष र सुझावहरु राखिएको छ ।

प्रस्तुत प्रतिवेदन तयार पार्ने क्रममा प्रस्तावना कार्यदेखि शोध कार्य सम्म पूरा गर्नको लागि महत्वपूर्ण निर्देशन, सल्लाह, सुझाव एवं मार्ग निर्देशन गर्नु हुने मेरो आदरणीय गुरु शोध निर्देशक खगेन्द्र प्रसाद लुइटेल प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसै गरी सल्लाह सुझाव दिई अनुसन्धान कार्यमा सहयोग गर्नुहुने श्रदेय गुरु विभागीय प्रमुख श्री लक्ष्मी प्रसाद श्रेष्ठ प्रति आभार प्रकट गर्दछु । त्यसै गरी अध्ययनकार्यमा जाँदा सहयोग गर्नुहुने विद्यालयका आदरणीय प्रधानअध्यापकज्युहरु, शिक्षकहरु, सहभागीहरुका साथै शिक्षा कार्यलयका निरीक्षकहरु, भाषागत शुद्धता हेरी शोधपत्रलाई परिस्कृत वनाउन सहयोग पुऱ्याउने मित्र हिमालय उच्च मा.वि. दमकका शिक्षक श्री गुरुराज तिमसिनाज्यूमा आभार व्यक्त गर्दछु । अन्त्यमा यस प्रतिवेदनलाई टंकण कार्यमा सहयोग पुऱ्याउने मेरा प्यारा छोराहरु प्रनव-प्रनय पौडेललाई धन्यवाद दिन चाहन्छु ।

डिल्ली रमण पौडेल

# शोधसार

सन २०१५ सम्ममा “सवैका लागि शिक्षा” भन्ने अन्तराष्ट्रिय नारालाई साकार पार्न नेपालमा पनि औपचारिक र अनौपचारिक दुवै तरिकावाट शिक्षाको विस्तार गरी सवैलाई शिक्षाको पहुँच भित्र पार्ने प्रयास जोड तोडका साथ भइरहेको छ । राज्यले औपचारिक शिक्षाका लागि विद्यालयहरु आफ्नो क्षमताले भ्याए सम्म गाउँ, टोलसम्म विस्तार गर्ने प्रयास गरिरहेको छ । त्यसै गरी अनौपचारिक शिक्षा कार्यक्रम अनुसार शिक्षा सदन, महिला शिक्षा, प्रौढ शिक्षा, नव साक्षर कार्यक्रम पनि संचालनमा ल्याईरहेको छ । तै पनि नेपालमा साक्षरताको प्रतिशत उल्लेख्य रुपमा वृद्धि हुन सकिरहेको छैन । विद्यालय गएका विद्यर्थीहरु पनि निश्चित तह पार गर्न नसकी वीचैमा कक्षा छोड्न वाध्य भइरहेका छन् । राज्यले अनौपचारिक शिक्षा कार्यक्रमलाई विस्तार गर्ने क्रममा वि.सं २०६४ साल देखि खुला विद्यालय शिक्षा कार्यक्रम लागु गर्दै आएको छ । यसले सबैका लागि शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गराएको छ । यसै सन्दर्भमा **खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता** अध्ययनलाई विषय मानी यो अध्ययन गरिएको छ । यस अधययनवाट शिक्षा क्षेत्रमा कार्य गर्ने जो कोहीलाई केही हदसम्म भएपनि सहयोग पुग्ने आशा गरिएको छ ।

यस अध्ययनका चारवटा उद्देश्यहरुमा पहिलो खुला विद्यालय शिक्षा कार्यक्रम संचालनको वर्तमान अवस्थाको पहिचान गर्नु, दोस्रो खुला विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सिकाइ उपलब्धि लेखाजोखा गर्नु, तेस्रो खुला विद्यालय र औपचारिक विद्यालयको एस.एल.सीं परीक्षाको सिकाई उपलब्धिको अन्तर पत्ता लगाउनु र चौथो खुला विद्यालय शिक्षा कार्यक्रममा देखिएका समस्याहरुको पहिचान गर्नु रहेको थियो । उल्लेखित उद्देश्यहरु पूरागर्नका लागि खुला विद्यालय शिक्षा कार्यक्रम संचालनको वर्तमान अवस्था कस्तो रहेको छ ? खुला विद्यालय शिक्षा कार्यक्रममा सहभागी विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर कस्तो छ ? के खुला विद्यालय र औपचारिक विद्यालयको एस.एल.सी. परीक्षाको सिकाई उपलब्धि समान छ ? खुला विद्यालय शिक्षा कार्यक्रम संचालन सम्वन्धी समस्याहरु के के छन् ? जस्ता अनुसन्धानात्मक प्रश्नहरु राखी अध्ययन गरिएको थियो ।

आर्थिक अभाव, जनशक्ति अभाव तथा समय अभावको कारणले गर्दा देश भर खुलेका सम्पूर्ण खुला विद्यालयहरुको अध्ययन गर्न नसकिने भएकाले झापा, मोरङ्ग र सुनसरी जिल्लामा

वि.सं २०६४ साल र वि.सं २०६५ सालमा खुलेका खुला विद्यालयहरु, त्यस संग सम्वन्धित प्र.अ., शिक्षक, विद्यार्थी, विद्यालय निरीक्षक, नीति तथा निर्देशिकामा मात्र यो अध्ययनलाई सीमित गरिएको थियो । अनुसन्धानको क्रममा मुलत गुणात्मक अध्ययन विधिलाई आधारमानी प्राथमिक र द्वितीय दुवै प्रकारका स्रोतवाट तथ्याङकहरु संकलन गरिएको थियो । तथ्याङक संकलनका लागि प्रश्नावली तथा सर्वेक्षण फारमहरु प्रयोग गरिएको थियो । त्यसैगरी विद्यालयका रेकर्ड खाता र एस.एल.सी. परीक्षाका मार्कलेजरहरुवाट पनि तथ्याङकहरु संकलन गरिएका थिए । उद्धेश्यपूर्ण नमूना छनौट विधिको आधारमा तीनवटा जिल्लाका तीनवटा खुला विद्यालयहरुलाई अध्ययनको लागि छनौट गरिएको थियो । ती विद्यालयका सहजकर्ता सवै (२७ जना), प्र.अ.हरु (३ जना), चिठ्ठा पद्दति प्रयोग गरी प्रत्येक विद्यालयका ५ जना छात्र र ५ जना छात्राका दरले सहभागी ३० जना, तीनवटा जिल्लाका अनौपचारिक फाँट हेर्ने एक-एक जना निरीक्षक गरी ३ जना संग भेटघाट र सम्पर्क गरी प्रश्नावलीको आधारमा तथ्याङक संकलन गरिएको थियो । तथ्याङकको विश्लेषण तथा व्याख्या गर्दा संकलन गरिएका तथ्याङकहरुलाई आवश्यकता अनुसार तालिकामा राखिएको छ, त्यसलाई प्रतिशतमा व्यक्तगर्ने, स्तम्भ चित्रमा देखाउने कार्य भएको छ । तथ्याङकको व्याख्या र विश्लेषण पछि प्राप्त नतिजालाई सैद्धान्तिक आधार संग तुलना गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

अध्ययनको क्रममा खुला विद्यालयहरु सरकारी नीति तथा निर्देशिकाको आधारमा संचालन भई रहेको पाइयो । राज्यले सीमित विद्यार्थीहरुका लागि कोटा निर्धारण गरी सुविधा प्रदान गर्दै आएता पनि प्रत्येक वर्ष विद्यार्थी भर्नाको चाप बढ्दै गरेको पाइयो । खुला विद्यालयमा भर्ना हुने विद्यार्थीहरु दलित, जनजाति र अन्य सवै समूहका रहने गरेको र शैक्षिक कार्यक्रम संचालन जिल्लाका तोकिएको विद्यालयहरुमा मात्र हुने गरेको पाइयो । सहजकर्ता, शिक्षकहरु योग्यता पुगेका र अधिक संख्यामा तालिम प्राप्त रहेका पाइयो । साथै पाठ्यक्रमको रुपमा औपचारिक विद्यालयको कक्षा १० को पाठ्यक्रमलाई नै लिएको पाइयो । सम्पर्क कक्षाका माध्यमवाट विद्यार्थीहरुले नजानेका, नबुझेका कुराहरु प्रष्ट हुने गरेको पाइयो । मूल्याङकन प्रणाली आन्तरिक र वाह्य दुवै हुने गरेको पाइयो । एस.एल.सी. परीक्षामा सामेल विद्यार्थीहरुको सिकाइ उपलव्धि औसत ६०.१% रहेको पाइयो ।

यस शैक्षिक कार्यक्रममा सहभागिको स्तर अनुसार पाठ्यक्रम कडा हुनु, सम्पर्क कक्षामा विद्यार्थीको सहभागिता न्यून हुनु, प्रचारप्रसारको कमि हुनु, समयको तालमेल मिलाउन गाह्रो हुनु, विद्यार्थी भर्ना कोटा कम हुनु, आर्थिक अभाव, अनुगमन र मूल्याङकन प्रणालीमा कमजोरी देखिनु प्रमुख समस्याहरु रहेको पाइयो । यस शैक्षिक कार्यक्रमको प्रभावकारिता अझै वृद्धि गर्न खुला विद्यालयका लागि वेग्लै किसिमको पाठ्यक्रमको तर्जुमा गर्नुपर्ने, यस कार्यक्रमको प्रचार प्रसार गरी औपचारिक शिक्षाको विकल्पको रुपमा विकसित गर्नुपर्ने, वार्षिक वजेटमा वृद्धि गर्नुपर्ने, विद्यार्थीलाई सम्पर्क कक्षामा नियमित गराउन प्रोत्साहन स्वरुप आर्थिक सहयोग गर्नुपर्ने, योग्यता पुगेका र तालिम प्राप्त शिक्षकवाट मात्र सम्पर्क कक्षा संचालन हुनुपर्ने, विद्यार्थी कोटा र सम्पर्क कक्षाको समय वढाउनु पर्ने, मूल्याङकन, अनुगमन र निर्देशनलाई कडाइका साथ पालना गर्नु पर्ने सुझावहरु दिइएको छ ।

# तालिका सूची


तालिका १ : विद्यार्थी भर्ना विवरण २१

तालिका २ : जातजाति अनुसार विद्यार्थी भर्ना विवरण २४

तालिका ३ : सम्पर्क कक्षा समय निर्धारण २७

तालिका ४ : शैक्षिक सामग्री विवरण २८

तालिका ५ : परीक्षा र मूल्याङकन २९

तालिका ६ : सिकाइ उपलब्धि विवरण ३१

तालिका ७ : श्रेणी अनुसार सिकाइ उपलब्धि ३४

तालिका ८ : जातजाति अनुसार सिकाइ उपलब्धि विवरण

तालिका ९ : सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

तालिका १० : शिक्षक विवरण ३९

तालिका ११ : खुला विद्यालय संचालन सम्बन्धी समस्याहरु ४१

तालिका १२ : खुला विद्यालय संचालनमा देखिएका समस्याहरुको विवरण ४२

# चित्र सूची


| | | |
|---|---|---|
| चित्र १ | विद्यार्थी भर्ना विवरण (२०६४-२०६६) | २१ |
| चित्र २ | जातजाति अनुसार विद्यार्थी भर्ना विवरण (२०६४) | २५ |
| चित्र ३ | जातजाति अनुसार विद्यार्थी भर्ना विवरण (२०६५) | २५ |
| चित्र ४ | जातजाति अनुसार विद्यार्थी भर्ना विवरण (२०६६) | २५ |
| चित्र ५ | सिकाइ उपलब्धि विवरण (२०६४-२०६६) | ३२ |
| चित्र ६ | श्रेणी अनुसार सिकाइ उपलब्धि विवरण (२०६४) | ३५ |
| चित्र ७ | श्रेणी अनुसार सिकाइ उपलब्धि विवरण (२०६५) | ३५ |
| चित्र ८ | श्रेणी अनुसार सिकाइ उपलब्धि विवरण (२०६६) | ३५ |
| चित्र ९ | जातजाति अनुसार सिकाइ उपलब्धि विवरण (२०६४) | ३८ |
| चित्र १० | जातजाति अनुसार सिकाइ उपलब्धि विवरण (२०६५) | ३८ |
| चित्र ११ | जातजाति अनुसार सिकाइ उपलब्धि विवरण (२०६६) | ३८ |

# विषय सूची


| | पृष्ठ |
|---|---|
| शोध निर्देशकको सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| प्राक्कथन | iii |
| शोधसार | iv |
| तालिका सूची | vii |
| चित्र सूची | viii |


## परिच्छेद : एक

## परिचय


| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ६ |
| १.३ | अध्ययनको औचित्य | ८ |
| १.४ | अध्ययनको उद्देश्य | ८ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ८ |
| १.६ | अध्ययनको परिसीमा | ९ |


## परिच्छेद : दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकाको अध्ययन


| | |
|---|---|
| २.१ | सम्वन्धित साहित्यको पुनरावलोकन |
| २.२ | सैद्धान्तिक खाकाको अध्ययन |
| २.३ | शैक्षिक उपादेयता |

## परिच्छेद : तीन

## अध्ययन विधि


३.१ अनुसन्धानात्मक ढाँचा १८

३.२ तथ्याङ्क संकलन विधि १८

३.२.१ नमूना १८

३.२.२ नमूना आकार १८

३.२.३ नमूना छनौट प्रक्रिया १८

३.२.४ नमूना छनौटको आधार १९

३.३ अनुसन्धानका साधनहरु

३.३.१ प्रश्नावली

३.३.२ तथ्याङ्क संकलन फारम

३.४ तथ्याङ्कका स्रोतहरु

३.४.१ तथ्याङ्कका प्राथमिक स्रोतहरु

३.४.२ तथ्याङ्कका द्धितीय स्रोतहरु

३.५ तथ्याङ्क विश्लेषण विधि १९


## परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या


४.१ विद्यार्थी भर्नाको वर्तमान अवस्था २०

४.१.१ विद्यार्थी भर्ना प्रक्रिया २०

४.१.२ विद्यार्थी भर्ना विवरण २०

४.१.३ जातजाति अनुसार विद्यार्थी भर्ना विवरण २४

४.२ शैक्षिक र प्रशासनिक कार्य संचालन २६

४.२.१ सम्पर्क कक्षाको समय निर्धारण सम्वन्धमा

४.२.२ शैक्षिक सामग्री प्रयोग २८
४.२.३ परीक्षा र मूल्याङकन २९
४.३ विद्यार्थीको सिकाइ उपलव्धि विवरण ३०
४.३.१ श्रेणी अनुसार सिकाइ उपलव्धि विवरण ३४
४.३.२ जातजाति अनुसार सिकाइ उपलव्धि विवरण
४.४ सिकाइ उपलव्धिको तुलनात्मक अध्ययन
४.५ शिक्षक विवरण ३९
४.६ खुला विद्यालय संचालनमा देखिएका समस्याहरु ४०

## परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१ प्राप्ति ४४
५.२ निष्कर्ष ४५
५.३ सुझावहरु ४६
५.३.१ नीति निमार्तालाई दिएका सुझावहरु ४६
५.३.२ विद्यालयहरुलाई दिइएका सुझावहरु
५.३.३ अनुसन्धान कर्तालाई दिइएका सुझावहरु
**सन्दर्भ सामग्री** ४८
**अनुसूचीहरु** i-x

# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विद्यालय , महाविद्यालयवाट दिईने शिक्षालाई औपचारिक शिक्षा भनिन्छ । औपचारिक शिक्षामा शिक्षा लिने र दिने प्रक्रियामा औपचारिकता हुन्छ । औपचारिक शिक्षा तहगत रुपमा संरचना गरिएको हुन्छ, साथै उमेरको क्रम अनुसार श्रेणीबद्व गरिएको हुन्छ । विद्यालयको घेराभित्र निश्चित अनुशासनमा रही तोकिएको पाठयक्रम, तोकिएको समयमा, तोकिएको व्यक्तिहरु द्वारा पढाई हुने, निश्चित समयमा परीक्षा हुने र नतिजा निकाल्ने साथै पास र फेलको समेत घोषणा गरिने प्रकारको शिक्षा औपचारिक शिक्षा हुन्छ । औपचारिक शिक्षा कडा नियमहरुभित्र बाँधिएको हुन्छ । औपचारिक शिक्षा वर्तमान समयमा सवैभन्दा वढी लिइने वा दिइने गरिएको छ । औपचारिक शिक्षामा कडा अनुशासनमा रहनुपर्ने, तोकिएको पाठयक्रमको मात्र सिकाइ हुने, विद्यार्थीको वढी भिड हुने स्रोत र साधनको अभाव, लागत वढी तर त्यस अनुसारको प्रतिफलको निराशाजनक अवस्था, जस्ता विशेषताहरु रहेका छन् । यी विशेषताहरुको कारण सिकारुहरुले आवश्यकता अनुसारको ज्ञान, सीप ग्रहण गर्न सकिरहेका छैनन् । यसले गर्दा सिकारुहरुमा औपचारिक शिक्षाप्रति वितृष्णा बढ्न गई यसमा संकट आइरहेको छ । औपचारिक शिक्षामा देखिएका संकटहरु समाधानको विकल्पको रुपमा आएको शिक्षा खुला सिकाइ वा खुला शिक्षा हो । खुला शिक्षा कुनै औपचारिक बन्धनका कडा नियमहरुमा बाँधिएको हुदैन । यो अनौपचारिक प्रकृतिक सिकाइ हो ।

समाजमा मानिसहरु औपचारिक शिक्षा लिएर वा नलिइकन पनि आफनो गुजारा चलाएर बसिरहेका छन् । विभिन्न सामाजिक, आर्थिक, भौगोलिक कठिनाईहरुका कारण मानिसहरु विद्यालयमा जान नपाएर औपचारिक शिक्षाबाट बञ्चित रहेका छन् भने कोही विद्यालय गएर पनि तह पार गर्न नसकी औपचारिक शिक्षा लिनबाट वञ्चित छन् । औपचारिक शिक्षा लिनबाट वञ्चित भएका विपन्न, सुविधा बिहीन र अवसर नपाएका व्यक्तिलाई लक्षित गरी शिक्षामा आएको नयाँ सोच, नयाँ अवधारणा वा नयाँ दृष्टिकोण खुला शिक्षा वा खुला सिकाइ हो । "औपचारिक शिक्षा अर्न्तगत विद्यालयको पर्खाल नाघी खुला रुपमा शिक्षा प्राप्त गर्ने प्रक्रियालाई खुला सिकाइ भनिन्छ । औपचारि नीति नियम वा बन्धनमा नरही सीमित

पूर्वाधारहरुका आधारमा र पूर्व शैक्षिक अनुभवका आधारमा शिक्षा लिने प्रक्रियालाई खुला शिक्षा भनिन्छ । खुलापन मानव अधिकारको महत्वपूर्ण पक्ष पनि हो ।" ( काफ्ले र साथीहरु २०६१ : ९९ वाट उद्धृत ) । "खुला सिकाइलाई खुला विद्यालयको पर्यायवाची शव्दको रुपमा मानेको पाइन्छ । खुला सिकाइ, खुला, स्वतन्त्र, आवश्यकतामा आधारित र अनौपचारिक प्रकृतिको हुन्छ" ( शर्मा एण्ड शर्मा २०६३ : १२८, १२९ ) । खुला विश्व विद्यालय उच्च शिक्षाका लागि दिइने शैक्षिक कार्यक्रम हो भने खुला विद्यालय विद्यालयस्तरको खुला सिकाइ कार्यक्रम हो ।

खुला विद्यालयलाई विभिन्न विद्वानहरुले निम्न अनुसार परिभाषित गरेका छन् । "शिक्षाको क्षेत्रमा आएको नयाँ अवधारणाहरुको उपज खुला विद्यालय हो । औपचारिक शिक्षा लिन नसक्ने वा औपचारिक शिक्षा लिनवाट वञ्चित भएका सुविधा विहीन बालबलिकाहरुको लागि विद्यालय तहको शिक्षाको व्यवस्थापन गर्न आएको अवधारणा खुला विद्यालय हो" (शर्मा एण्ड शर्मा २०६३ : १४६ वाट उद्धृत) । Dictionary of Education का अनुसार "समाजका कमजोर र सुविधाविहीन वर्गलाई शिक्षाको सुअवसर विस्तार गर्न लचकता र खुलापन ल्याउने गरी शिक्षा पद्दतिमा निमार्ण गरिएको संस्था खुला विद्यालय हो" ( शर्मा एण्ड शर्मा २०६३, १४७ वाट उद्धृत ) । k. Sampath  का अनुसार खुला विद्यालय र खुला विश्वविद्यालयहरु खुला सिकाइ पद्धतिका अवधारणामा आधारित छन् जसको अहिले निकै महत्व मानिएको छ" (शर्मा एण्ड शर्मा २०६३, १४७ वाट उद्धृत) । खुला विद्यालयहरु त्यस्ता विद्यालयहरु हुन्, जुन विद्यालयमा दिइने प्रकृतिको शिक्षा विद्यालयबाहिर पनि दिन सकिन्छ , साथै मानिसलाई सामाजिक जीवनमा आई पर्ने हरेक समस्याहरुसंग जुध्न सक्ने वनाउन सकिन्छ भन्ने उद्धेश्यबाट स्थापित गरिएका हुन्छन् । नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशन गरिएको दूर शिक्षा / खुला सिकाइ कार्यक्रम संचालन सम्बन्धी निर्देशिकामा खुला विद्यालयलाई निम्न अनुसार परिभाषित गरिएको छ, "खुला विद्यालय भन्नाले दूर शिक्षाको माध्यमवाट दूर शिक्षा / खुला सिकाइ विद्यालय तहको शैक्षिक कार्यक्रम संचालन गर्न दूर शिक्षा समितिले सम्वन्धन प्रदान गरेको संस्थालाई जनाउंछ" ( निर्देशिका २०६३ : २ वाट उद्धृत) ।

जब औपचारिक शिक्षामा संकटहरु देखिन थाल्यो त्यसको विकल्पको रुपमा आजभन्दा करिव २५० वर्ष पहिले देखि अनौपचारिक शिक्षाको रुपमा खुला सिकाइ कार्यक्रमको अवधारणाहरु अगाडि आएका हुन् । औपचारिक शिक्षामा विद्यालयको घेराभित्र कडा अनुशासनमा रहेर निश्चित उमेरका बालबालिकाहरुले मात्र तोकिएको समयमा तोकिएको पाठयक्रमको अध्ययन गर्नुपर्ने हुन्छ । यस पद्धतिमा सिकारुले आफनो आवश्यकता र चाहना अनुसारको शिक्षा लिन पाउदैनन् । जसले गर्दा औपचारिक शिक्षा उनीहरुका लागि जीवन उपयोगी बन्न सक्दैन । त्यसकारण कतिपय बालबालिकाहरु विद्यालय नजाने, विद्यालय गएकाहरु पनि विद्यालय तह पूरा नगरी विद्यालय छोड्ने, विद्यालय तह पारगरेकाहरु समेत उच्च शिक्षामा सहभागी नबन्ने समस्याहरु देखिने गरेका छन् । यस्ता समस्याहरु सन् १९५०/६० को दशकतिर बेलायतमा सवै भन्दा चर्को रुपमा देखियो । बेलायतमा यस्ता समस्याहरु समाधान गर्न खुला विश्वविद्यालय र गृहअध्ययन विश्वविद्यालय स्थापना गरी विश्वविद्यालय स्तरको शिक्षा प्रदान गर्न थालियो । त्यहीबाट खुला शिक्षालाई औपचारिकता दिने कार्य भयो ।

खुला विद्यालय शिक्षा कार्यक्रम नेपालको सन्दर्भमा खुला विश्वविद्यालयको सवैभन्दा पछिल्लो शैक्षिक अवधारणा हो । त्यसैले खुला विद्यालयको ऐतिहासिक पृष्ठभूमि र विकासको क्रमलाई अध्ययन गर्दा खुला विश्वविद्यालयको ऐतिहासिक विकासक्रम सगै पुग्नुपर्ने हुन्छ । बेलायतमा औपचारिक विश्वविद्यालय तहको शिक्षामा देखिएका संकटहरुबाट मुक्त हुन बेलायती विपक्षी दलका नेता हेरोल्ड विल्सनले सन् १९६२ मा आफनो चुनावी घोषणापत्रमा "बेलायती युवाहरुले घरैमा बसीबसी आफूले चाहेअनुसारका शिक्षा लिन पाउने अधिकार खुला विश्वविद्यालय मार्फत गरिने छ" (शर्मा एण्ड शर्मा २०६३ : १३० वाट उद्धृत) भनि उल्लेख गरेका थिए । यहि घोषणा पत्रको आधारमा उनले चुनाव पनि जिते र प्रधानमन्त्री समेत बने । घोषणा पत्रको कार्यान्वयन गर्ने क्रममा शिक्षाविद् रविन्सको आयोगले खुला विश्वविद्यालय स्थापना गर्ने सिफारिस गऱ्यो । त्यसको फलस्वरुप बेलायतमा सन् १९६९ मा खुला विश्वविद्यालयको स्थापना गरियो । यस पछि संसारका अन्य मूलुकहरु इरान, पाकिस्तान, श्रीलंका, वर्मा, वंलादेश, भारत, जर्मनी, आदिमा पनि खुला विश्वविद्यालयहरु खुल्ने क्रम जारी रहयो । रेडियो, टेलिभिजन, पत्राचार आदिको माध्यमवाट शिक्षा दिने कार्य भयो । नेपालमा भने

खुलाविश्वविद्यालय स्थापना भएको छैन । शाही उच्च शिक्षा आयोगको प्रतिवेदन २०३९,राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले खुला विश्वविद्यालय स्थापना गर्नुपर्ने अवधारणा अगाडि ल्याए पनि खुला विश्वविद्यालय स्थापना हुन सकेको छैन । तैपनि त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र संकायले खुला सिकाइको सुरुवात वी. एड. का तीन वर्षे कार्यक्रमवाट सुरु गरेको छ । (शर्मा एण्ड शर्मा २०६३ : १६२) ।

खुला विद्यालयको ऐतिहासिक पृष्ठभूमि खुला विश्वविद्यालय, खुला सिकाइ हुंदै अनौपचारिक शिक्षाको इतिहाससंग जोडिन पुग्दछ । किनभने खुला विद्यालयको शैक्षिक कार्यक्रम अनौपचारिक प्रकृतिको हुन्छ । अनौपचारिक शिक्षाको इतिहास शैक्षिक जगतमा सवैभन्दा पुरानो र लामो रहेको छ । अनौपचारिक शिक्षाको उत्पति मानवीय चिन्तन संगसंगै भएको मानिन्छ । "मानिस जहिलेबाट चेतनशील, बन्यो, समूहमा बस्न थाल्यो, एक आपसमा सहयोग आदान - प्रदान गर्न थाल्यो, सुरक्षाको र खानाको खोजीको कार्यमा लाग्न थाल्यो, त्यसैबेलादेखि अनौपचारिक शिक्षाको सुरुवात भएको हो" (शर्मा एण्ड शर्मा २०६३ :३११) । शव्दको भाषाको उत्पत्ति र प्रयोग हुनुभन्दा अगाडि मानिसहरु एक आपसमा सूचनाहरु प्रवाह गर्न सिकाउन संकेतहरु प्रयोग गर्दथे । त्यो पनि अनौपचारिक शिक्षा थियो । जब शव्दको भाषाको उत्पति र त्यसको प्रयोग हुन गयो, त्यस पछि औपचारिक शिक्षाको सुरुवात हुन गयो र अनौपचारिक शिक्षा क्रमश : ओझेलमा पर्न गयो । सन् १९६० भन्दा अगाडिसम्म अनौपचारिक शिक्षा विद्धान व्रेकभेनका अनुसार "मौन उद्योग" का रुपमा रहयो (शर्मा एण्ड शर्मा २०६३ : ३१३) । किनकि यस अवधिसम्म औपचारिक शिक्षाले सवैभन्दा बढी प्रभाव जमाएको थियो ।

औपचारिक शिक्षाको प्रभाव र प्रभुत्व संगसंगै शिक्षामा संकटहरु देखिन थाले । औपचारिक शिक्षाले मानिसका सम्पूर्ण आवश्यकताहरु पूरा गर्न सकेन । औपचारिक शिक्षाबाट बालबालिकाहरुले आफूले चाहेजस्तो शिक्षा लिन पाएनन । तोकिएको पाठ्यक्रमबाट कठोर अनुशासनमा रहेर तोकिएको शिक्षक, समय र उमेर समूहले मात्र शिक्षा दिन / लिन पाउने भएको कारण कसैले विद्यालयनै प्रवेश गर्न पाएनन् भने कसैले विद्यालय र विश्वविद्यालयको शिक्षा पूरा गर्न पाएनन् । यसरी औपचारिक शिक्षामा संकट आएपछि त्यसको विकल्पको खोजी हुंदै जाँदा सन् १९६० को दशक देखि अनौपचारिक शिक्षाको अवधारणाको विकास हुन पुग्यो ।

औपचारिक शिक्षाको विकल्प खोज्ने क्रममा सवैभन्दा पहिलो व्यक्ति फिलिप्स कुम्वस हुन पुगे । उनले सन १९६० मा अनौपचारिक शिक्षालाई संरचना दिने काम गरे ।

सन् १९६२ मा बेलायतका पूर्व प्रधानमन्त्री ह्यारोल्ड विल्सनले आफनो चुनावी घोषणा पत्रमा खुला विश्वविद्यालयको अवधारणा अगाडि ल्याए । सन् १९६९ मा बेलायतमा खुला विश्वविद्यालयको स्थपना भयो । त्यस पछि खुला सिकाइ मार्फत अनौपचारिक शिक्षाको विकास आन्दोलनकै रुपमा अगाडि वढ्न गयो । "सन् १९७० को दशकतिर आएर Ivan Illich ले विद्यालय वाहिर (Deschooling society) भन्ने अवधारणा ल्याए । यसै दशकमा शिक्षाविद् पाउलो फ्रेरे (Paulo Freire) ले Pedagogy Of Oppressed को विकास गरी Reflect Thinking को विकास गराए । यसअघि मौन बसेका अनौपचारिक शिक्षा औपचारिक शिक्षाको विकल्पको रुपमा उभिने अवसर पायो" (शर्मा एण्ड शर्मा २०६३ : ३१३ वाट उद्धृत) । एकापट्टि अनौपचारिक शिक्षा औपचारिक शिक्षाको विकल्पको रुपमा यसरी स्थापित भएर अगाडि बढिरहदा बेलायतमा खुलेको खुला विश्वविद्यालयले धेरै बेलायतीहरुको मन जित्न सफल भयो । त्यसको सफलताको असर अन्य मूलुकहरुमा पनि पर्न गई संसारका विभिन्न राष्ट्रहरुमा खुला विश्वविद्यालयहरु खुल्न गई खुला सिकाइ मार्फत विश्वविद्यालय तहको शिक्षा अनौपचारिक शिक्षाको रुपमा प्रदान गर्न थालियो । यतिले मात्र मानिसको अनौपचारिक शिक्षाको माग पूरा हुन सकेन । समय, उमेर, आर्थिक अवस्थाको कारण विद्यालय तहको शिक्षा लिने अवसरवाट वञ्चित बालबालिकाहरुलाई विद्यालय शिक्षाको अवसर प्रदान गर्न खुला विश्वविद्यालयहरुको पनि माग हुन गयो । विश्वका विभिन्न मूलुकहरुमा खुला विद्यालयहरु पनि खुलेर शिक्षा दिन थालियो । विद्यालय तहको शिक्षाको लागि खुला विद्यालय अवधारणाको राम्रो नमूना भारतले प्रस्तुत गरेको छ । ओपचारिक शिक्षाका विद्यालयहरु वहिर रहेका, सुविधा विहीन, आर्थिक सामाजिक विपन्न, असहाय आदिलाई शिक्षा प्रदान गर्ने उद्देश्यले सन १९७४ वाट चिन्तन गर्दै सन १९७९ मा खुला विद्यालयको स्थापना दिल्लीमा गरियो । हाल भारतमा खुला विद्यालयहरु सही दिशावाट संचालन भई रहेका छन् ।

यसै सन्दर्भमा नेपालमा पनि सन् २०१५ सम्ममा "सबैका लागि शिक्षा" भन्ने अन्तराष्ट्रिय नारालाई साकार पार्न "विद्यामान शिक्षा प्रणालिको पूरकको रुपमा विद्यालय शिक्षाको अवसरवाट वाहिर परेका केटाकेटीहरु, अवसरवाट वञ्चित समुदाय, कामदार, गृहणी आदि

विभिन्न समुदायलाई विद्यालय र उच्च शिक्षाको पहुँच भित्र पुऱ्याउन सेवा विस्तार गर्ने" ( खुला विद्यालय संचालन सम्बन्धि कार्यान्वयन पुस्तिका / निर्देशिका २०६५ वाट उद्धृत) उद्देश्यले वि.सं. २०६३ मा सरकारले खुला शिक्षा नीति तथा निर्देशिका समेत स्वीकार गरी खुला विद्यालय मार्फत खुला शिक्षा प्रदान गर्ने कार्यक्रम संचालन भई रहेको छ । शैक्षिक सत्र २०६४ देखि परीक्षणका लागि देश भरका मा.वि तथा उच्च मा.वि. हरु मध्ये ५वटा विद्यालयहरु छनौट गरी कार्यक्रम संचालन गरियो भने दोश्रो वर्ष थप १७ वटा र तेश्रो वर्ष ३० वटा गरी जम्मा ५२ वटा विद्यालयहरुमा माध्यमिक तहका खुला विद्यालयहरु संचालनमा आएका छन् । त्यस्तै नि.मा.वि. स्तरका खुला विद्यालयहरु पनि संचालनमा आएका छन् ।

नेपाल शिक्षाको चेतनाको हिसाबले पछाडि परेको मुलुक भित्रनै पर्दछ । सन् २००१ को जनगणना अनुसार नेपालको साक्षरता प्रतिशत ५३.६५ रहेको छ । त्यस मध्ये महिला साक्षरता दर ४२.५५ र पुरुष साक्षरता दर ६५.१५ रहेको छ (केन्द्रिय तथ्याङक विभाग २००१) । अधिकांश मानिसहरु निरक्षर हुनु नेपालको विशेषता बन्न गएको छ । मानिसहरु निरक्षर भए चेतना कम हुन्छ । चेतनाको कमीले गर्दा उनीहरु परम्परागत गलत मूल्य र मान्यताहरुलाई आत्मसात गरिरहन वाध्य हुन्छन् । जसले गर्दा उनिहरुको जीवन कठोरसंग बितिरहेको हुन्छ । शिक्षाले मानिसको चेतनाको स्तर वढाउछ । मानव स्रोत र साधनको विकास गराउछ । वर्तमान नेपालमा औपचारिक शिक्षाको माध्यमवाट यिनै कुराहरुको विकास गराउने प्रयास भइरहेको भएता पनि जीवन उपयोगि शिक्षा प्राप्त गर्न सकिरहेका छैनन् । यसै कुरालाई ध्यानमा राखेर राज्यले अनौपचारिक शिक्षा मार्फत शिक्षा प्रदान गर्दै आएको छ । यसै सन्दर्भमा विद्यालय तहको शिक्षा लिनबाट वञ्चित बालबालिकाहरु, अवसरवाट वञ्चित समुदाय, कामदार, गृहणी आदि विभिन्न समुदायलाई विद्यालय र उच्च विद्यालय शिक्षाको पहुँच पुऱ्याउने हिसावले मानवीय स्रोत विकासको चिन्तन र सचेतीकरणको सिद्धान्त, अभिप्रेरण सम्वन्धी सिद्धान्तलाई दार्शनिक आधार मानेर देशमा खुला सिकाइ कार्यक्रम मार्फत खुला विद्यालयहरु संचालन भएका छन् ।

## १.२ समस्याको कथन

नेपालमा औपचारिक शिक्षाको विकासक्रमलाई पछ्याउदै अनौपचारिक शिक्षाको विधिवत रुपमा सुरुवात वि.सं. २००८ सालदेखि भई आएको छ । सुरुमा निरक्षरता उन्मूलनको उद्देश्य लिएर सुरु गरिएको अनौपचारिक शिक्षाको कायक्रम आजसम्म पनि सफलताको साथ

अगाडि वढिरहेको छ । वर्तमान अवस्थामा नेपालले अनौपचारिक शिक्षा अन्तर्गत शिक्षासदन, महिला शिक्षा, प्रौढ शिक्षा, नवसाक्षर कार्यक्रम जस्ता शैक्षिक कार्यक्रमहरु संचालन भई "निरक्षरता उन्मूलन" र "सवैका लागि शिक्षा" जस्ता विश्वव्यापी नाराहरुलाई सफलतापूर्वक कार्यान्वयन गरिरहेको छ । यसका लागि औपचारिक शिक्षाको साथै अनौपचारिक शिक्षा दुबैमा उत्तिकै जोड दिएको छ । यति हुदाहुदै पनि नेपालमा साक्षरताको प्रतिशत उच्च हुन सकेको छैन । कतिपय बालबालिकाहरु विद्यालयको पहुँचवाट टाढा छन् भने विद्यालय गएका बालबालिकाहरु पनि विविध कारणवाट विद्यालय छोड्न वाध्य भएका छन् । विभिन्न कारणवाट विद्यालय छोडी विद्यालय शिक्षा पूरागर्न नसकेका बालबालिकाहरु, गृहणीहरु, मजदुरहरु, घरेलु सहायकका रुपमा रहेका पुरुषहरु साथै तल्लो तहको नोकरी र व्यवसायमा संलग्न व्यक्तिहरुलाई विद्यालय तह सम्मको शिक्षा पूरा गराउने उद्देश्यले हाल सरकारले अनौपचारिक प्रक्रितिको शिक्षा दिन खुला विद्यालय शिक्षा कार्यक्रम देशका विभिन्न जिल्लाहरुमा संचालन गरिरहेको छ ।

शुरुमा ५ वटा मा. वि. वा उ. मा. वि लाई नमूना विद्यालयको रुपमा छनौट गरी शुरु गरिएको खुला विद्यालय शिक्षा कार्यक्रम हाल विस्तार भई ५२ विद्यालयमा संचालित छ । कुनैपनि कार्यक्रम सहज रुपमा त्यसै संचालन हुन सक्दैन । कार्यान्वयनको क्रममा त्यसमा विविध समस्याहरु र चुनौतिहरु आइरहन्छन् । कार्यक्रम संचालनमा आउने समस्याहरुलाई समयमै चिनेर समाधान गर्दै जाने हो भने सफलताहरु सजिलै हात पर्न सक्छन् । खुला विद्यालय शिक्षा कार्यक्रम संचालन शैक्षिक सत्र २०६४ देखि भएको हो । यो कार्यान्वयनको क्रममा छ । कुनै पनि कार्यक्रम संचालनमा आएपछि त्यसको सकारात्मक र नकारात्मक दुवै किसिमका पक्षहरु देखिन थाल्छन् । खुला विद्यालय संचालनपछि पनि त्यसका सकारात्मक र नकारात्मक पक्षहरु शैक्षिक क्षेत्र र समाजमा देखिन थालेका छन् । यी सवै पक्षहरुलाई केलाएर खुला विद्यालयको प्रभावकारिता कस्तो रहेको छ भन्ने उद्देश्यले यो शोधपत्र तयार पारिएको छ ।

खुला विद्यालय शिक्षा कार्यक्रम वर्तमान समयको ज्वलन्त माग र चाहना हो । यही माग र चाहनालाई पूरागर्न सरकारले यस कार्यक्रमको विस्तार गरिरहेको छ । विद्यालय शिक्षा लिनबाट वञ्चित बालबालिकाहरु र बीचैमा विद्यालय छोडन बाध्य भएका व्यक्तिहरु सवैको खुला विद्यालय शिक्षा कार्यक्रमप्रति आकर्षण वढिरहेको छ । हाल यो कार्यक्रम संचालन गर्न राज्यले सम्पूर्ण आर्थिक व्ययभार बोकिरहेको छ । अहिले सरकारले व्यहोर्ने आर्थिक व्ययभार

सानो मात्रामा रहेको छ भने कार्यक्रम विस्तार हुँदै जाँदा यो भार पनि बढ्न जाने छ । त्यस्तै विद्यार्थी संख्या बढ्दै जाँदा प्रशासनिक र व्यवस्थापकीय जिम्मेवारी पनि थपिंदै जान्छ । भविष्यमा कसरी आर्थिक र प्रशासनिक जिम्मेवारी वहन गर्ने भन्ने कुराको समस्या टड्कारो रुपमा देखिन थालेको छ । खुला विद्यालय शिक्षा कार्यक्रम संचालनको प्रारम्भिक चरणमानै छ । यसका प्रभावकारिता र समस्याहरु पहिल्याउने क्रममा यस अघि कुनै शोध भएको छैन् । भएका भएपनि प्रकाशनमा देखिएका छैनन् । त्यसैले यस विषयको शोध संग सम्वन्धित सुरुका प्रश्नहरुनै अनुत्तरित भएका हुनाले त्यसैमा आधारित भएर यो शोध कार्यलाई अगाडि बढाइएको छ ।

विद्यालय बाहिर रहेका र बीचमै विद्यालय छोडेका बालाबलिकाहरुलाई एकैपटक कक्षा ८ वा १० को पाठ्यक्रम शिक्षण गराउदा उनीहरुले त्यसलाई कसरी ग्रहण गर्न सकिरहेका छन्, पाठ्यक्रम कसरी सुधार गर्न सकिन्छ, शिक्षक, कर्मचारीहरुको व्यवस्था कसरी गर्ने, मूल्याङ्कन प्रणालीलाई कसरी व्यवस्थित गर्ने, लगानी अनुसारको प्रतिफल कसरी प्राप्त गर्ने, यसको समाज र शैक्षिक क्षेत्रमा प्रभावकारिता कसरी वृद्धिगर्ने आदि समस्याहरु खुला विद्यालय शिक्षा कार्यक्रममा रहेका हुनाले यो विषयलाई समस्या मानी शोध गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

खुला विद्यालय शिक्षा कार्यक्रमको माध्यमवाट खुला सिकाइ गर्ने पछिल्लो अवधारणको रुपमा नेपालमा वि.सं. २०६४ साल देखि खुला विद्यालयहरु संचालन भइरहेका छन् । खुला विद्यालयहरु योजनाबद्ध रुपमा निश्चित नीति, नियम र निर्देशिकाका आधारमा संचालन हुदै आएका छन् । तै पनि कार्यक्रम संचालन हुने क्रममा पाठ्यक्रम, शैक्षिक सामग्रीहरु निर्माण र वितरण, मूल्याङकन प्रक्रिया, आर्थिक व्ययभार वहन जस्ता कुराहरुमा समस्याहरु देखिन थालेका छन । खुला विद्यालयहरु संचालनका प्राथमिक अवस्थामानै छन् । त्यसैले यस कार्यक्रममा देखा परेका समस्याहरु पनि साधारण किसिमका नै हुन सक्छन् । तर समयमा नै देखिएका समस्याहरुको समाधान गर्न तिर लागिएन भने पछि ति समस्याहरुले विकराल रुप लिन सक्छन् । जसले गर्दा कार्यक्रमनै असफलतामा टुङ्गीन पुग्छ । यदि कुनै काम योजनावद्ध ढङ्गले संचालन गर्ने, कार्यक्रम संचालन गर्दा देखिएका सकारात्मक र नकारात्मक कुराहरुलाई समयमा नै पहिचान गर्ने, सकारात्मक कुराहरुलाई निरन्तरता दिदै नकारात्मक

कुराहरुलाई समयमा नै हटाई अगाडि वढने हो भने कार्यक्रमको प्रभावकारिता वढन जान्छ । यसै कुरालाई आधारमानी शोधकर्ताले खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धि गराउन यसको विविध पक्षहरुको अनुसन्धान गरी तथ्यहरु पत्ता लगाउने र समस्या समाधान गर्न सुझाव समेत दिने उद्देश्यले यो शोधको विषय छनौट गरिएको हो ।

तसर्थ यस अध्ययनको औचित्य खुला विद्यालय शिक्षा कार्यक्रम संचालनको वर्तमान अवस्था पहिचान गर्नु, खुला विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सिकाइ उपलब्धि लेखाजोखा गर्नु, औपचारिक विद्यालय र खुला विद्यालयका विद्यार्थीहरुको सिकाइ उपलब्धि वीचको अन्तर पत्ता लगाउनु साथै यस कार्यक्रममा देखिएका समस्याहरु पहिचान गरी समाधानका लागि सुझावहरु प्रस्तुत गर्नु रहेको छ । समस्याहरु केलाएर दिएका सुझावहरुले कार्यक्रम निर्माता, संचालक, विद्यालय, प्र.अ, शिक्षक, विद्यार्थीका साथै यससंग सम्वन्धित सवै क्षेत्रमा सकारात्मक प्रभाव पार्न सक्यो भने यस शोधको औचित्य प्रमाणित हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन :

क. खुला विद्यालय शिक्षा कार्यक्रम संचालनको वर्तमान अवस्थाको पहिचान गर्नु ।

ख. खुला विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सिकाइ उपलब्धिको लेखाजोखा गर्नु ।

ग. खुला विद्यालय र औपचारिक विद्यालयको एस.एल.सी. परीक्षाको सिकाइ उपलब्धिको अन्तर पत्ता लगाउनु ।

घ. खुला विद्यालय शिक्षा कार्यक्रममा देखिएका समस्याको पहिचान गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अनुसन्धानमा निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु समावेश गरिएका छन् :

क. खुला विद्यालय शिक्षा कार्यक्रम संचालनको वर्तमान अवस्था कस्तो रहेको छ ?

ख. खुला विद्यालय शिक्षा कार्यक्रममा सहभागी विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर कस्तो छ?

ग. के खुला विद्यालय र औपचारिक विद्यालयको एस.एल.सी. परीक्षाको सिकाइ उपलब्धि समान छ ?

घ. खुला विद्यालय शिक्षा कार्यक्रम संचालन सम्वन्धि समस्याहरु के के छन ?

१.६ अध्ययनको परिसीमा

समय, स्रोत, साधन तथा आर्थिक अभावको कारणले गर्दा खुला विद्यालयहरु देशका विभिन्न स्थानका विद्यालयहरुमा संचालन भएका भएता पनि अध्ययनको मुख्य सीमा झापा, मोरङ्ग र सुनसरी जिल्लामा संचालन गरिएका ३ वटा खुला माध्यमिक विद्यालयहरुमा मात्र सीमित गरिएको छ । अध्ययनका लागि तथ्याङक संकलन गर्न ती विद्यालयहरु संग सम्वन्धित प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अनौपचारिक शिक्षा क्षेत्र हेर्ने जिल्ला शिक्षा कार्यलयका निरीक्षकलाई नमूनाको रुपमा लिइएको छ । विद्यार्थी भर्ना विवरण, शैक्षिक उपलब्धि विवरण, शिक्षक विवरण जस्ता तथ्याङकहरु विद्यालयको अभिलेखवाट लिइएको छ भने प्रश्नावली, सर्वेफारम तयार गरी विभिन्न प्राथमिक तथ्याङकहरु संकलन गरिएको छ । खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता हेर्नका लागि गरिएको यो शोध कार्यमा खुला विद्यालयमा विद्यार्थी भर्ना प्रक्रिया, एस.एल.सी. परीक्षाको शैक्षिक उपलव्धि, शिक्षकको व्यवस्था, औपचारिक शिक्षा र खुला विद्यालयका विद्यार्थीहरु वीचको शैक्षिक उपलब्धिमा अन्तर, मूल्याङकन प्रक्रिया, शैक्षिक सामग्री व्यवस्थापन र ती संग सम्वन्धित समस्याहरुको मात्र विश्लेषण गर्ने कार्य भएको छ । खला विद्यालयको औपचारिक विद्यालयको जस्तो आफ्नै विद्यालय भवन, कक्षा कोठा तथा फर्निचर नहुने भएकाले यस शोध कार्यमा खुला विद्यालयको भौतिक र आर्थिक पक्षको वारेमा अध्ययन गरिएको छैन् । खुला विद्यालयहरु सरकारी नीति नियम तथा निर्देशिकाको आधारमा संचालन हुने गरेका छन् । तर ती नीति नियमहरु कतिको पालना भएका रहेछन भनि अनुसन्धानको कममा हेर्ने कार्य भएको छ । अध्ययनमा रहेका विविध सीमितताहरुको कारणले यसवाट प्राप्त निष्कर्ष देश भर समान रुपले लागु नहुन सक्दछ ।

# परिच्छेद : दुई

# सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकाको अध्ययन

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

खुला विद्यालय शिक्षा कार्यक्रम नेपालमा वि.सं. २०६४ साल देखि संचालनमा आईरहेको छ । यो कार्यक्रम नयाँ शैक्षिक कार्यक्रम भएको हुनाले यस सम्वन्धमा यसभन्दा अगाडि कुनै शोध कार्य भई शोध प्रकाशनमा आएको पाइएको छैन् । त्यस्तै खुला विद्यालय कार्यक्रम सम्वन्धमा लेखिएका पुस्तकहरु, पत्रपत्रिकाहरु, लेख रचनाहरु पनि प्रशस्त मात्रामा छैनन् । त्यसैले यस शोध कार्यमा सम्वन्धित साहित्यको पूनरावलोकन गर्ने क्रममा केही पुस्तकहरु खुला विद्यालय संचालन सम्वन्धी निर्देशिका, अनौपचारिक शिक्षा सम्वन्धी लेख रचनाहरुको साथै खुला विश्वविद्यालय सम्वन्धी लेख रचनाहरुको अध्ययन गरिएको छ ।

शर्मा (२०६३) ले दूर शिक्षा विशोषाङक पत्रिकामा खुला विद्यालय संचालन : नीतिगत सोच, परिवेश, आवश्यकता र चुनौति शिर्षकमा लेखिएको लेखामा खुला विद्यालय सञ्चालन गर्न राष्ट्रको योजनामा के छ ? दूर शिक्षा खुला सिकाइमा हालसम्म संस्थागत प्रयासहरु के के भएका छन् ? खुला विद्यालय शिक्षाको आवश्यकता किन पऱ्यो ? अवको काम कहाँवाट सुरु गर्नु उपयुक्त होला ? खुला विद्यालय संचालनका चुनौतिहरु के के छन् ? जस्ता प्रश्नहरुको तथ्यगत र विवेचनात्मक उत्तर खोज्ने प्रयास गर्नु भएको छ ।

राष्ट्रको योजना अनुसार विभिन्न आयोगका प्रतिवेदनहरु आठौं, नवौं र दशौं पञ्चवर्षीय योजनाहरुमा दूर शिक्षा खुला सिकाइ गर्न खुला विद्यालय र खुला विश्व विद्यालयहरुको स्थापना गरिनुपर्ने कुराहरु उल्लेख भएको कुरा खुलासा गरिएको छ । वि.सं २०१५ सालदेखि रेडियो शिक्षा शिक्षक आयोजना संचालन, वि.सं २०३७ साल देखि दूर शिक्षा प्रणालीका माध्यमवाट रेडियोवाट प्राथमिक शिक्षक तालिम कार्यक्रम प्रसारण, २०५० सालमा दूर शिक्षा केन्द्रको स्थापना, २०६१ सालमा दूर शिक्षा तथा खुला सिकाइ महाशाखाको स्थापना गरी संस्थागत प्रयासहरु भइरहेको तथ्यहरु लेखमा उल्लेख भएको छ । देशमा गरिवीले छाएको, त्यसवाट मुक्त हुनका लागि शिक्षालाई प्रमुख साधनको रुपमा लिइएको तर धेरै बालबालिकाहरु निरक्षर रहेको , विद्यालयको पहुँचवाट टाढा रहेको , औपचारिक विद्यालयको कठोरताको कारण

विद्यालयमा भर्ना भएका बालबालिकाहरु पनि विद्यालय छोडी वाहिर वस्न थालेको तथ्यलाई मध्यनजर गर्दै आफनो आवश्यकता र समय समेतलाई ध्यान दिदै सिकाइलाई निरन्तरता प्रदान गर्न सहज तुल्याउन र सवैका लागि शिक्षाको पहुच पुऱ्याउन खुला विद्यालय शिक्षा कार्यक्रमको आवश्यकता परेको कुरा लेखमा उल्लेख गरिएको छ । दूर शिक्षा र खुला सिकाइका लागि दूर दृष्टि राख्दै सवै सरकारी र गैर सरकारी संस्थाहरु वीच समन्वय गरेर सूचना र संञ्चारको प्रविधिहरु प्रयोग गर्दै काम सूरु गर्दा यस कार्यले सफलता प्राप्त गर्नसक्ने कुरा लेखमा छ भने भावी चुनौतिको रुपमा लक्षित वर्गको छनौट गर्नु, पाठ्यक्रमको छनौट गर्नु, मूल्याङकन प्रक्रिया कस्तो वनाउने, लगानी कसले कसरी गर्ने भन्ने वारेमा लेखमा विश्लेषण गरिएको छ (शर्मा २०६३) ।

काफ्ले(२०६३) ले दूर शिक्षा विशेषाङक पत्रिकामा खुला शिक्षाको सैद्धान्तिक धरातलमा नेपालमा व्यवहारिक उपयोगको भविश्यपरक दृष्टिकोण शिर्षकमा एउटा विश्लेषणात्मक लेख लेख्नु भएको छ । लेखको सुरुवात विषय प्रवेशवाट उठान गरिएको छ । ज्ञान, सिप, प्रविधि आदिमा भएको विकास र परिवर्तनले मानव जीवनमा परिवर्तन आयो । परिवर्तित सन्दर्भमा वाँच्न र रहन सवैले शिक्षा आर्जन गर्नु पर्ने भयो । धेरैलाई अवसर प्रदान गर्ने क्रममा विकल्पको खोजी हुदै जाँदा खुला शिक्षा पद्धतिको उत्पति हुन गयो । साथै गुणात्मक शिक्षाको खोजी गर्न पनि खुला शिक्षालाई गन्तव्य ठम्यायो भनि विषय प्रवेश गरिएको छ । नेपालमा खुला शिक्षाले प्रवेश कसरी पायो र त्यसको अवस्था के छ, विभिन्न किसिमका शैक्षिक दस्तावेजहरुले यस सम्वन्धमा के भन्छन् भन्ने कुराको वारेमा चर्चा गर्दै लेखाईलाई अगाडी वढाइएको छ ।

खुला शिक्षा कम खर्चिलो हुने, दुर्गम स्थानका लागि उपयोगी हुने, गरेर सिक्न सकिने, सिकेका ज्ञान र सीपलाई अध्यावधिक गर्न सहज हुने, सिकाइलाई निरन्तरता दिन सकिने, उमेर र समयले सिकाइ गर्न नरोक्ने आदि कारणले गर्दा खुला शिक्षाको आवश्यकता पर्ने कुरा लेखमा उल्लेख भएको छ । त्यसै गरी नीतिगत अस्पष्टता, नागरिक दवाव र गैरसरकारी क्षेत्रको उदासिनता, लगानीमा समस्या, राजनीतिक प्रतिवद्धताको कमि, अपेक्षित रुपमा प्रविधिको विस्तारमा कमि जस्ता कुराहरुले गर्दा खुला शिक्षा कार्यक्रमले उपेक्षित उपलव्धि प्राप्त गर्न सकेको छैन् भन्ने कुरा लेखमा औल्याइएको छ । व्यापक छलफल र अन्तरक्रिया मार्फत सहि कार्यक्रम र कार्यनीति तर्जुमा, गरी निजी, गैरसरकारी र सरकारी क्षेत्रको समन्वयमा सरकारले

केन्द्रीय भूमिका निर्वाह गर्दै कार्यक्रमलाई अगाडि वढाउने हो भने खुला शिक्षा कार्यक्रमले सहि दिशा प्राप्त गर्न सक्दछ भन्दै लेखको समापन गरिएको छ (काफ्ले २०६३) ।

शर्मा एण्ड शर्मा (२०६३) ले प्रस्तुत शैक्षिक प्रविधि र अनौपचारिक शिक्षामा खुला विद्यालयीकरणको अवधारणा शीर्षकमा खुला विद्यालयलाई निम्न अनुसार परिभाषित गरिएको छ "शिक्षा क्षेत्रमा आएका नयाँ अवधारणाहरुको उपज खुला विद्यालय हो । औपचारिक शिक्षा लिन नसक्ने वा औपचारिक शिक्षा लिनबाट वञ्चित भएका सुविधा विहीन बालबालिकाहरुका लागि विद्यालय तहको शिक्षाको व्यवस्थापन गर्न आएको अवधारणा खुला विद्यालय हो ।" विद्यालय शिक्षालाई औपचारिकताबाट बाहिर निकाली खुला शिक्षाको रुपमा विद्यालय शिक्षालाई विकास गर्नु खुला विद्यालयीकरण हो । यो अनौपचारिक प्रकृतिको शिक्षा कार्यक्रम हो । विद्यालय स्तरको शिक्षा प्रदान गर्न खुला रुपमा व्यवस्थापन गरिने शिक्षाको अवधारणा खुला विद्यालयीकरण हो । यस प्रकारका कार्यक्रमहरु विभिन्न मुलुकहरुमा धेरै पहिले देखि संचालन हुँदै आएको भएपनि नेपालमा नयां कायक्रमको रुपमा संचालन भइरहेको छ । यस कार्यक्रमका उद्देश्यहरु विद्यालय र उच्च माध्यमिक तहका पाठयक्रमहरुको वैकल्पिक पद्दतिको रुपमा अनौपचारिक शिक्षाको योजना निर्माण र कार्यान्वयन गर्नु, व्यवसायिक, प्राविधिक र जीवन सम्पन्न वनाउने पाठयकमहरु प्रदान गर्नु, अनुसन्धान , प्रकाशन र सूचना प्रसारण मार्फत खुला / दूर सिकाइ पद्धतिको विकास गर्नु, विद्यालय शिक्षाको पहुँच वृद्धि गर्नु रहेका छन् । खुला विद्यालयको लक्षित समूह र योग्यतामा "विभिन्न काममा लागेका युवा युवतीहरु, आर्थिक अवस्थाले गर्दा औपचारिक शिक्षा लिनबाट वञ्चित , कक्षा ७, ८ पूरा गरी विद्यालय छोडेका र व्यवसायिक , प्राविधिक शिक्षा लिई राम्रो जीवनयापन गर्न चाहने विद्यार्थीहरु हुनेछन" (शर्मा एण्ड शर्मा २०६३) ।

शर्मा एण्ड शर्मा (२०६४) ले तयार पार्नु भएको शिक्षाको आधार नामक पुस्तकको अनौपचारिक शिक्षा शीर्षकमा औपचारिक शिक्षा लिनबाट वञ्चित भएका वा अवसर नपाएका व्यक्तिहरुका लागि राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले आधारभूत तह, मध्यम तह, उच्चस्तरीय तह गरी तीन तहको अनौपचारिक शिक्षाको व्यवस्था गर्न सिफारिस गरेको छ । साक्षरता वृद्धि गर्ने उद्देश्यवाट तयार पारिएको अनौपचारिक शिक्षाको कार्यक्रमलाई आधारभूत तह भनिएको छ र यसमा बाल शिक्षा , प्रौढ शिक्षा , चेलीवेटी कार्यक्रम संचालन भएका छन्

भने आधारभूत तह पार गरिसकेपछि अझ बढि ज्ञान र सीप प्रदान गर्न व्यवस्था गरिने आधारभूत शिक्षा कार्यक्रम मध्यम स्तरीय तह हो । यसमा खुला विद्यालय शिक्षा , व्यवसायिक शिक्षा कार्यक्रम पर्दछन । त्यस्तै औपचारिक शिक्षावाट उच्च शिक्षा प्राप्त गर्न नसकेका व्यक्तिहरुका खुला विश्व विद्यालयको स्थापना गरी पत्रचार , रेडियो , टि.भि. का माध्यमबाट नियमित रुपमा पाठ्यसामाग्री उपलव्घ गराई दिने शिक्षा उच्चस्तरीय अनौपचारिक शिक्षा हो ( शर्मा एण्ड शर्मा २०६४) ।

एजुकेशनल पेजेज (२०६६ चैत्र १-१५:६) मा खुला सिकाईको लागि व्यवहार खुला भएन शीर्षकमा शैक्षिक जनशक्ति विकास केन्द्रले सरोकारवालाहरुसंग लिएको सुझावमा खुला विद्यालय वा विश्व विद्यालयहरुमा नियमित आउनु नपर्ने, जुन सुकै विषय स्रोतवाट आएपनि जुन सुकै विषय पढन पाइने, रेडियो, टि.भि., एफ.एम, मोवाइल, इनटरनेटवाट चाहिने सामग्री हेर्न र सुन्न पाइने, स्कुल गएका र जान नपाएकाहरुलाई खुला शिक्षा महत्वपूर्ण भएको कारण यसको आवश्यकता वढेको र केही खर्चिलो भएतापनि सरकारले यस कार्यक्रमको विस्तार गर्दै लैजानुपर्ने सुझाव दिएका छन् । समयमा पाठ्य सामग्री आइनपुग्ने, ३५ दिनको कक्षा सिध्याउने प्रणालीको कारण समय कम भएको, शिक्षकहरु तालिम प्राप्त नभएको, लामो समय विद्यालय छोडेर एकै पटक १० कक्षामा प्रवेश हुदा पाठ वुझन् गाह्रो भएको कारण पाठयकममा सुधार गर्नुपर्ने, कार्यकम सम्वन्धमा प्रचारप्रसार बढाउनुपर्ने, विद्यालयमा भर्नाको कोटा बढाउनुपर्ने, लक्षित व्यक्ति भएका ठाउँमा विद्यालय स्थापना गरिनुपर्ने कुराहरुको पनि सुझाव दिइएको छ ( एजुकेशनल पेजेज २०६६) ।

## २.२ सैद्धान्तिक खाकाको अध्ययन

खुला विद्यालय शिक्षा कार्यकम अनौपचारिक प्रकृतिको हुन्छ । यो कार्यक्रमलाई औपचारिक शिक्षाको परिपूरकको रुपमा विकसित गर्दै लगिएको छ । खुला विद्यालय शिक्षा अनौपचारिक शिक्षा भएको हुनाले यससंग संम्वन्धित भएको शोध कार्यको सैद्धान्तिक आधार शिक्षाविद् हार्विन्सन (सन् १९७०) को मानव संसाधन विकास चिन्तन, शिक्षाशास्त्री पाउलो फ्रेरे (सन् १९७०) को सचेतीकरण सिद्धान्त र मास्लोको अभिप्रेरण सम्वन्धि सिद्धान्तलाई लिइएको छ ।

हार्विन्सन (स.न् १९७०) का अनुसार मानव संसाधनको विकास गर्नु भनेको मानिसको चिन्तनको विकास हुनुका साथै मानिसहरुलाई सुसूचित गराउनु हो । मानव संसाधनको विकास भएपछि प्राकृतिक स्ोतहरु आफैं प्राप्त हुन्छन । त्यस्ता स्रोतहरुको खोजी मानिसले आफैं गर्न सक्छन । त्यसैले यस चिन्तनको आशय मानवीय चिन्तनमा विकास गराउनु, मानिसको सोचमा परिवर्तन ल्याउनु, मानिसलाई कामप्रति क्रियाशिल बनाउनु, मानिसमा ज्ञान र सीपको विकास गराउनु रहेको हुन्छ (हार्विन्सन १९७०, शर्मा एण्ड शर्मा २०६३) । अर्थात "प्राकृतिक स्रोतको विकास गर्नु भन्दा पहिले मानव संसाधनको विकास गरिनु पर्छ । किनीक विकसित मानव संसाधनले आफैं प्राकृतिक स्रोतहरुको दोहोन गर्छ । त्यसबाट फाइदा उठाउंछ । जस्तो बढी उव्जनी लिन उन्नत खेती गनुपर्छ । यसका लागि उन्नत बीउ उपलव्ध गराउनु महत्वपूर्ण होइन । जमिन सिंचित गरिदिनु पनि त्यति प्रमुख कुरा होइन । तर व्यक्तिको दिमागमा बढी उव्जनी गर्ने सीप भएको सोच हालिदिनु अर्थपूर्ण हुन्छ । किनकि सोंच र सीप भएको व्यक्तिले आफ्नो परिस्थिति सुहाउँदो उपाय आफैं पहिल्याउंछ" (हार्विन्सन, काफले तथा साथीहरु २०६१ : २९५ वाट उद्धृत) ।

शिक्षाशास्त्री पाउलो फ्रेरे (१९७०) का अनुसार वर्गीय समाजको अवधारणा अनुसार उत्पीडित र सर्वहारा वर्गलाई शिक्षाको माध्यमवाट सचेत बनाउने सिद्धान्तनै सचेतीकरणको सिद्धान्त हो । यस सिद्धान्त अनुसार मार्क्सवादी अवधारणामा रही समाजको वर्गीकरण र विश्लेषण गरिन्छ । यसो गर्नु भनेको समालोचनात्मक बुझाई हुन्छ । समालोचनात्मक वुझाईनै सचेतीकरण हो । त्यसैले यस सिद्धान्तलाई सचेतीकरणको सिद्धान्त भनिएको हो । यसरी सचेत भएको व्यक्तिले सामूहिक अध्ययन गर्ने, आफ्नो समुदाय वा समूहको बस्तु स्थितिको अध्ययन गर्ने र व्यक्तिगत र सामूहिक निस्कर्षमा पुग्ने काम गर्दछ । यसरी व्यक्तिगत विचारका आधारमा समुहिक निर्णयमा पुग्ने कार्यलाई समालोचनात्मक सामाजिक विश्लेषण भनिन्छ । समालोचनात्मक विश्लेषणले व्यक्तिका विचारहरुको सम्मान र कदर हुन्छ । यस प्रकृयामा प्रत्येक व्यक्ति सचेत हुन्छन् । यो नै पाउलो फ्रेरेका अनुसार सचेतीकरण हो (फ्रेर १९७०, शर्मा एण्ड शर्मा २०६३) । पाउलो फ्रेरेको सचेतीकरणको सिद्धान्तको सोचको ढाँचा धार्मिक उदारवाद हो । त्यसमा उनले मार्क्सवादी चिन्तनलाई मिलाएर समाजलाई विश्लेषण गर्ने सीप थपे । यसरी धार्मिक उदारवाद + मार्क्सवादी समाज विश्लेषणको संयुक्त नामलाई समालोचनात्मक वुझाई

ठाने । यही वुझाईलाई नै उनले समालोचनात्मक सचेतीकरण भनी नामाकरण गरे । यसरी सचेत भएको व्यक्तिले आफनो वरिपरिको बस्तुस्थितिको व्यक्तिगत एवं सामूहिक अध्ययन र विश्लेषण गर्ने, विश्लेषणपछि प्राप्त निष्कर्षको आधारमा सामूहिक कार्य सुरु गर्ने गर्दछन् । यी सबै कामको संयुक्त नामलाई उनले आदत / अभ्यास भनी नामाकरण गरे । उनले शिक्षार्थीलाई समाज विश्लेषक वनाउने शिक्षण विधिको सुरुवात गरे भने शिक्षकलाई मानवतावादी, विवेकशील एवं सामूहिक रुपमा कामगर्ने क्रियाशील व्यक्तिका रुपमा स्थापित गरिदिए साथै शिक्षार्थीलाई समाज विश्लेषक र आफनो हकहितका लागि सामूहिक कार्य गर्ने व्यक्तिको रुपमा विकसित गरिदिए । फ्रेरेको सचेतीकरणको सिद्धन्तले गरिब, निमुखा र शक्तिहीनहरुलाई "धन होइन न्याय चाहियो" भनी माग्नका लागि तयार पार्ने शैक्षिक संरचनाको सुरुवात गऱ्यो (फ्रेरे १९७० , काफले तथा साथीहरु २०६१) ।

अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लो (सन् १९४३) का अनुसार "मानिसका प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् । त्यसको परिपूर्ति पश्चात पनि अन्य इच्छा, आवश्यकता र चाहनाहरु थप भइरहन्छन् । मानिसका कुनै चाहना पूराहुन सक्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन, जुन प्राप्तिका लागि मानिस उत्प्रेरित हुने गर्दछ । मानिसको अप्राप्त चाहना पनि अनगिन्ती हुन्छन् जसलाई एक निश्चित कमवद्धताको आधारमा छुट्याउन सकिन्छ । निम्नस्तरका धेरै आवश्यकताको परिपूर्ति पछि प्राथमिक कमको आधारमा उच्च स्तरका आवश्यकता परिपूर्तिका लागि मानिस उत्प्रेरित हुँदै जान्छ" (मास्लो १९४३, कोइराला, श्रेष्ठ २०६३ : १४४ वाट उद्धृत ) । यीनै कुराहरुलाई आधार मानेर मास्लोले मानिसका आवश्यकताहरुलाई निम्न अनुसार पाँच श्रेणीमा विभाजन गरेका छन् । क) शारीरिक आवश्यकता (खाना, बास, कपडा, निन्द्रा आदि), ख) सुरक्षात्मक आवश्यकता (काम, खाना, बास, कपडा र शारीरिक सुरक्षा ), ग) सामाजिक आवश्यकता (माया, ममता, स्नेह आदन प्रदान गर्ने, समाजमा समायोजन हुने, अपनत्व वढाउने, समितिमा वस्ने, आदि) घ) सम्मान आवश्यकता (मान, सम्मान, पहिचान र स्थानको खोजि गर्नु ), ङ) आत्मसन्तुष्टिको आवश्यकता (आत्मा यथार्थता, आत्मा गौरव, आत्मा उपलब्धि आदि) मानिसका यी आवश्यकताहरु एक पछि अर्को गरी आउने आवश्यकता हुन् । यीनै आवश्यकता परिपूर्तीका लागि मानिस जहिल्यै पनि काम प्रति उत्प्रेरित भइरहन्छन् ( मास्लो १९४३, कोइराला, श्रेष्ठ २०६३) ।

## २.३ शैक्षिक उपादेयता

यो शोध कार्य तयार पार्नका लागि अध्ययन गरिएका पुस्तकहरु, पत्रपत्रिकाहरु, लेख रचनाहरु, सरकारी नीतिनियम र निर्देशिकाहरुवाट खुला विद्यालय संचालन र व्यवस्थापनगर्ने कार्यक्रमको प्रचारप्रसार गर्न, त्यसको महत्व वुझ्न, शिक्षाको वैकल्पिक वाटो रोज्न, समस्याहरु पत्तालगाउन, यसका असर र प्रभावहरु जानकारी लिन सहयोग पुगिरहेको छ । त्यसैले यी सामग्रीहरुको पनि खुला विद्यालय संचालनमा शैक्षिक उपादेयता रहेको छ ।

शिक्षाविद् हार्विन्सन (सन् १९७०) का अनुसार मानव संसाधन विकास हुनु भनेको मानिसको चिन्तनमा विकास हुनु हो । मानिसको चिन्तनमा विकासहुनु भनेको समाजको सबैभन्दा ठूलो सम्पत्ति आर्जन हुनु हो । त्यसैले उनको विचारमा प्राकृतिक स्रोतको विकास गर्नुभन्दा पहिला मानव संसाधन विकास गर्नुपर्दछ किनकि मानव संसाधन विकास भएपछि उसले प्राकृतिक स्रोत र साधनहरुको प्रयोग समुचित तरिकाबाट आफै गर्न सक्दछन् । खुला विद्यालय शिक्षा कार्यक्रमले समय, स्रोत र साधनको अभावको कारण औपचारिक शिक्षा लिनबाट वञ्चित भई निरास भएर बसेका बालबालिकाहरु वा व्यक्तिहरुलाई हौसला प्रदान गर्ने, जोस जाँगर बढाउने , ज्ञान सीप भर्ने, उच्च शिक्षाका लागि ढोका खोलिदिने साथै कोशिस गर्दा केही गर्न सकिने रहेछ भन्ने सकारात्मक सोचको विकास गरिदिने भएकोले उसमा मानव संसाधन विकास हुन्छ । त्यसैलै मानव संसाधन विकास चिन्तनको उपादेयता खुला विद्यालय संचालन गरी शिक्षामा सवैको पहुँच पुऱ्याउनुमा रहेको छ ।

शिक्षाशास्त्री पाउलो फ्रेरे (सन् १९७०) को सचेतीकरणको सिद्धान्त धार्मिक उदारवाद र मार्क्सवादी समाज विश्लेषणको संयुक्त रुप हो । यसलाई नै उनले समालोचनात्मक सचेतिकरण मानेका छन् । फ्रेरेका अनुसार यसरी सचेत भएको व्यक्तिले आफनो वरिपरिको वस्तुस्थितिको व्यक्तिगत वा सामूहिक रुपमा अध्ययन गर्ने , विश्लेषण गर्ने र विश्लेषण पछि पाएको उपलव्धिको आधारमा सामूहिक कार्य सुरु गर्दछन् । फ्रेरेको चिन्तनको जगमा उभिएको अनौपचारिक शिक्षाले व्यक्तिलाई मानवतावादी, न्यायमुखी, जनमुखी, शोषित तथा उत्पीडितमुखी बनायो । बनिबनाउ पाठयक्रम भन्दा आवश्यकतामा आधारित पाठयक्रम तिर डोऱ्याउन थाल्यो । शिक्षकलाई एकोहोरो विद्वत्व छाट्ने व्यक्तिको रुपवाट अन्तरक्रिया र सम्वादमा जोड

दिने व्यक्तिको रुपमा विकास गऱ्यो । खुला विद्यालय शिक्षा कार्यक्रम एउटा अनौपचारिक शैक्षिक कायक्रम हो । यस शैक्षिक कार्यक्रममा विद्यालयको कडा अनुशासन र समय पावन्दिले कुनै छेकवार गरेको हुँदैन । विद्यार्थीहरु आफनो समय अनुकुल पारेर शिक्षक संगका सल्लाह र सहमतिका आधारमा सम्पर्क कक्षाहरुको मिति निर्धारण गरी आफूले नजानेका, नबुझेका विषयवस्तुहरुका वारेमा छलफल गरी निष्कर्षमा पुग्ने कार्य हुन्छ । साथै यस शैक्षिक कार्यक्रममा आदिवासी, जनजाती, दलित, महिला पिछडिएका विपन्न वर्गका छात्रछात्राहरुलाई विशेष प्राथमिकता दिएर संलग्न गराइने हुनाले शिक्षा प्राप्त गरिसकेपछि उनिहरुमा सचेतना जागृत हुन्छ । त्यसैले खुला विद्यालय शिक्षा कार्यक्रम संचालनमा सचेतीकरणको सिद्वान्तको उपादेयता रहेको छ ।

मास्लो (सन् १९४३)को अभिप्रेरणा सम्वन्धि सिद्धान्त मानिसका आवश्यकताहरुमा आधारित सिद्धान्त हो । मानिसका आवश्यकता र चाहनाहरु अनेकौ हुन्छन् । ती आवश्यकताहरु श्रृंखलावद्ध रुपमा रहेका हुन्छन् । एउटा तहको आवश्यकता परपूर्ति पछि अर्को तहको आवश्यकता परिपूर्ति हुदै जान्छ । ती आवश्यकताहरुले मात्र मानिसहरु काम प्रति उतप्रेरित हुदै जान्छन् । काम गर्नका लागि मानिसमा जोस, जाँगर र सीप हुन आवश्यक हुन्छ । बदलिदो सामाजिक परिवेश संग मिलेर आफ्ना आवश्यकताहरु पूर्ति गर्दै जान हिजो सिकेका कुराहरुले आज र आज सिकेका कुराहरुले भोलि काम नदिने भएका छन् । शिक्षाले मानिसका अवसरहरुका ढोकाहरु खोलि दिन्छ । यसले मानिसका आवश्यकताहरु एक-एक गरी पूरा गर्न सहयोग गर्छ । औपचारिक शिक्षा लिनवाट वन्चित वा लिएका भएपनि माध्यमिक तह पार गर्न नसकि त्यसै वसेका विद्यार्थीहरुका लागि खुला विद्यालय शिक्षा कार्यक्रम संजिवनि सावित भएको छ । यस कार्यक्रमले मानिसमा ज्ञान प्राप्त गरी आवश्यकताहरु पूरा गर्न सहयोग पुऱ्याएको छ । शिक्षा लिई थप केहि गर्न सकिन्छ भन्ने आत्मविश्वास र हौसला प्रदान गरेको छ । त्यसैले मानिसका आवश्यकता परिपूर्ति गर्ने कार्यमा शिक्षा सहयोगी वन्न सक्छ भनि खुला विद्यालय तर्फ ध्यान आकृष्ट गराउन मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्तको शैक्षिक उपादेयता रहेको छ ।

देशमा वि.सं २०६४ देखि खुला विद्यालय शिक्षा कार्यक्रम संचालन भई आइरहेको छ । कार्यक्रम संचालनका कममा थुप्रै सकरात्मक र नकरात्मक पक्षहरु देखिन थालेका छन् । तर

हाल सम्म यस कार्यक्रमलाई विषय बनाएर कुनै शोधकार्य भई प्रकाशनमा आएको पाइएको छैन् । त्यसैले यस शोधपत्रमा शोधकर्ताले खुला विद्यालय संचालनको वर्तमान अवस्था कस्तो रहेको छ ? विद्यार्थीको सिकाइ उपलव्धि कस्तो रहेको छ ? के खुला विद्यालय र औपचारिक विद्यालयको सिकाइ उपलव्धि समान छ ? र यस कार्यमा देखिएका समस्याहरुके के छन् ? भनि पत्ता लगाउने कोशिस गरेको छ । शोधकार्य पछि देखिएका समस्याहरु समाधान गर्नका लागि सम्वन्धित पक्षलाई सुझाव समेत दिइने हुनाले यो शोधपत्र सम्वन्धित पक्षलाई उपयोगि बन्ने छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धनात्मक ढाँचा

कुनै विषयको बारेमा अध्ययन अनुसन्धान गर्नु अगाडि त्यस अध्ययनलाई किन, कसरी, कुन प्रक्रिया अपनाई निष्कर्षमा पुऱ्याउने भन्ने बारेमा निश्चित विधि वा प्रक्रिया अपनाउने गरिन्छ । "खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता" शीर्षकमा गरिएको शोध कार्यमा गुणात्मक एवंम परिमाणात्मक अध्ययन विधी प्रयोग गरी अध्ययन गरिएको छ ।

## ३.२ तथ्याङ्क संकलन विधि

### ३.२.१ नमूना

नेपाल अधिराज्य भर संचालनमा आएका सम्पूर्ण खुला विद्यालयहरु त्यस संग सम्वन्धित कार्यक्रम निर्माता , संचालन कर्ता , प्र.अ. , शिक्षक , विद्यार्थी, अभिभावक सबैलाई यस शोध कार्यका लागि जनसंख्याको क्षेत्रको रुपमा लिइएको छ ।

### ३.२.२ नमूना आकार

यस शोध कार्यलाई निष्कर्षमा पुऱ्याउनका लागि नमूनाका रुपमा झापा, मोरङ्ग र सुनसरी जिल्लामा २०६४ र २०६५ सालदेखि संचालनमा आएका खुला माध्यमिक विद्यालयहरु सबै, ती विद्यालयका प्र.अ.हरु, खुला विद्यालयमा सम्पर्क कक्षा संचालन गर्ने सवै शिक्षकहरु, प्रत्येक विद्यालयका ५-५ जनाका दरले छात्र-छात्रा विद्यार्थीहरु खुला विद्यालयहरु तथा अनौपचारिक शिक्षा कार्यक्रम हेर्ने जि.शि.का. का एक जना निरीक्षक समेतलाई लिइएको छ ।

### ३.२.३ नमूना छनौट प्रक्रिया

यस शोध कार्यका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न ३ वटा खुला विद्यालयहरुलाई उद्देश्यपूर्ण नमूना छनौट विधिवाट छनौट गरिएको छ । विद्यार्थीहरुको छनौट चिट्ठा पद्धति अनुसार गरिएको छ । विद्यालय निरीक्षकहरुको छनौट शोधको विषय संग सम्वन्धित भएर गरिएको छ ।

### ३.२.४ नमूना छनौटको आधार

खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता विषयमा गरिएको शोधकार्यको लागि छनौट गरिएको नमूना छनौटको आधारहरु सान्दर्भिक र प्रामाणिक सूचनाहरु प्राप्त गर्नु , अनुसन्धानलाई तथ्यपूर्ण बनाउनु, अनुसन्धानलाई पक्षीय हुनवाट बचाउनु, समय, स्रोत र साधन बीच तालमेल मिलाउनु रहेको छ ।

## ३.३ अनुसन्धानका साधनहरु

यस शोध कार्यलाई निष्कर्षमा पु¥याउनका लागि तथ्याङक संकलन गर्ने साधनहरुको रुपमा फारम, प्रश्नावली तयार गरी तथ्याङक संकलन गरिएको छ । यसरी प्रयोग गरिएको साधनहरुलाई यही शोधपत्रको अनुसूचीमा समावेश गरिएको छ ।

### ३.३.१ प्रश्नावली

अध्ययनको क्रममा प्राथमिक तथ्याङक संकलन गर्ने साधनको रुपमा प्रश्नावलीहरु प्रयोग गरिएको छ । विद्यलायका प्र.अ./ प्राचार्य सवै, सहजकर्ता / शिक्षक सवै , र नमूना छनौटमा परेका विद्यार्थीहरु र विद्यालय निरीक्षक ३ जना समेतलाई अलग अलग किसिमका प्रश्नावली भर्न लगाई मत संकलन गरिएको छ । हरेक प्रश्नावली वन्द र खुला दुवै प्रकृतिका रहेका छन् । तथ्याङक संकलन कार्यमा प्रयोग भएका प्रश्नावलीहरु अनुसूचीमा राखिएको छ ।

### ३.३.२ तथ्याङक संकलन फारम

अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथा द्धितीय दूवै प्रकारका तथ्याङकहरु संकलन गर्न फारमहरु प्रयोग गरिएको छ । यस्ता सर्वेक्षण फारमहरु प्रयोग गरी विद्यार्थीहरुको भर्ना विवरण, एस.एल.सी परीक्षाको सिकाई उपलव्धि विवरण, शिक्षकहरुको विवरण संकलन गरिएको छ । यी फारमहरुको नमूना पछाडी अनुसूचीमा राखिएको छ ।

## ३.४ तथ्याङकका स्रोतहरु

अध्ययनको एउटा मुख्य र जटिल पाटोको रुपमा तथ्याङकसंकलन कार्य रहेको हुन्छ । तथ्याङकनै अनुसन्धानको मेरुदण्ड हो । सहि र उपयुक्त तथ्याङकले नै अनुसन्धानलाई विश्वसनीय, प्रभावकारी तथा उद्देश्य मूलक वनाउने कुरालाई मध्यनजर गर्दै यस अध्ययनको क्रममा आवश्यक पर्ने तथ्याङकका स्रोतहरु प्राथमिक र द्धितीय दुवैलाई उपयोगमा ल्याइएको छ ।

### ३.४.१ तथ्याङकको प्राथमिक स्रोतहरु

प्राथमिक तथ्याङक संकलनका लागि मूख्य रुपमा प्रश्नावलीहरु प्रयोग गरिएको छ । विद्यालयका प्र.अ.हरु, शिक्षकहरु, ५-५ जनाका दरले विद्यार्थीहरु र छनौटमा परेका ३ जना विद्यालय निरीक्षकहरुलाई प्रश्नावली भर्न अनुरोध गरी मत संकलन गरी प्राथमिक तथ्याङक संकलन गरिएको छ ।

### ३.४.२ तथ्याङकको द्वितीय स्रोतहरु

तथ्याङकको द्वितीय स्रोतको रुपमा विद्यालयको विद्यार्थी भर्ना रेकर्ड, एस.एल.सी. परीक्षाको खुला र औपचारिक दुवै तर्फको परीक्षाको मार्कलेजर, शिक्षक विवरण रेकर्डलाई लिइएको छ । त्यसवाट आवश्यक तथ्याङकहरु फारममा भरेर लिने काम भएको छ ।

## ३.५ तथ्याङक विश्लेषण विधि

यस शोधकार्यसंग सम्वन्धित तथ्याङकहरु संकलन गरिसके पछि त्यसलाई तालिकीकरण गर्ने, प्रतिशतमा व्यक्त गर्ने र वार ग्राफमा देखाउने र गुणात्मक वर्णन गर्ने कार्य गरी विश्लेषण गरिएको छ । प्रत्येक शिर्षक अनुसारका गणितीय विश्लेषहरुलाई शोधकार्यका आधारका रुपमा लिइएका शिद्धान्तहरु संग तुलना गर्दै निष्कर्षमा पूग्ने कार्य भएको छ ।

# परिच्छेद : चार

## तथ्याङकको विश्लेषण र व्याख्या

यस परिच्छेदमा संकलित तथ्याङकहरुलाई गणितीय ढाँचामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गर्ने कार्य भएको छ । प्राप्त तथ्याङकहरुलाई विश्लेषण गर्न सजिलो वनाउनका लागि विभिन्न शिर्षकहरुमा विभाजन गरिएको छ । यसरी तथ्याङकको विश्लेषण र व्याख्या गर्न कुनै पनि शिर्षक अन्तर्गत पर्ने प्राथमिक तथा द्धितीय दुवै प्रकारका तथ्याङकहरुलाई समेटेर तालिकामा राखी दुवैबाट प्राप्त गणितीय नतिजाको आधारमा विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१ विद्यार्थी भर्नाको वर्तमान अवस्था

#### ४.१.१ विद्यार्थी भर्ना प्रक्रिया

अध्ययनको क्रममा छानिएका झापा, मोरङ्ग र सुनसरी जिल्लामा शैक्षिक सत्र २०६४ र २०६५ साल देखि संचालनमा आएका तिनवटा खुला माध्यमिक विद्यालयहरुमा विद्यार्थी भर्नाका लागि विद्यार्थीको योग्यता र छनौटका आधारहरु के के रहेका छन् भनि प्र.अ.⁄ संयोजकलाई प्रश्नावलिका आधारमा प्रश्न गर्दा ३ वटै विद्यालयका प्र.अ.⁄संयोजकहरुले एकै किसिमको उत्तर “ खुला विद्यालय संचालन सम्वन्धी कार्यन्वयन पुस्तिका⁄निर्देशिका २०६५ मा व्यवस्था भए अनुसार कक्षा ८ वा सो सरहको परीक्षा उतीर्ण भई कम्तिमा दुई वर्ष पुगेका विद्यार्थीहरु मध्ये प्राथमिकताको आधारमा दलित, आदिवासी जनजाति, पिछडिएको समुदाय, विपन्न वर्ग र अन्य समुदायवाट आएका छात्र- छात्राहरुलाई खुला विद्यालयमा भर्ना लिने गरिएको” जानकारी प्राप्त भयो । यसरी खुला विद्यालय संचालन सम्वन्धी कार्यन्वयन पुस्तिकालाई नै आधार मानेर खुला विद्यालयहरुमा विद्यार्थी भर्ना गरिने भएकाले यो कार्यक्रमको लक्ष्य तथा उद्धेश्य अनुरुप नै अगाडि बढेको देखिन्छ ।

#### ४.१.२ विद्यार्थी भर्ना विवरण

अध्ययनका क्रममा छनौट गरिएका ३ वटा खुला माध्यमिक विद्यालयहरुको विगत ३ वर्षको विद्यार्थी भर्ना विवरण विद्यार्थी भर्ना लेजरवाट लिइएको थियो । यसलाई तालिकामा निम्न अनुसार प्रस्तुत गरिएको छ ।


**तालिका : १ विद्यार्थी भर्ना विवरण**

| विद्यालयको नाम | शैक्षिक सत्र २०६४ | | | | | शैक्षिक सत्र २०६५ | | | | | शैक्षिक सत्र २०६६ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र % | छात्रा % | छात्र | छात्रा | जम्मा | छात्र % | छात्रा % | छात्र | छात्रा | जम्मा | छात्रा % | छात्रा% |
| जनता .मा.वि. इटहरी | ६ | २४ | ३० | २० | ८० | २१ | ६१ | ८२ | २५.६ | ७४.३ | ४५ | ६३ | १०८ | ४१.६ | ५८.३ |
| हिमालय .उ.मा.वि दमक | x | x | x | x | x | २० | २६ | ४६ | ४३.४ | ५६.५ | २० | ६० | ८० | २५ | ७५ |
| आ.उ.मा.वि विराटनगर | x | x | x | x | x | १३० | ६० | १९० | ६८.४ | ३१.४ | २७ | ३६ | ६३ | ४२.८ | ५७.१ |
| जम्मा | ६ | २४ | ३० | २० | ८० | १७१ | १४७ | ३१८ | ५३.७ | ४६.२ | ९२ | १५९ | २५१ | ३६.६ | ६३.३ |

स्रोत :विद्यालयको भर्ना रेकर्ड अनुसार (२०६४- २०६६)

तालिकामा दिइएको प्रत्येक शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरणलाई स्तम्भ चित्रमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

चित्र :१



माथिको तालिकामा अध्ययन क्षेत्रभित्र परेका तीनवटा खुला माध्यमिक विद्यालयहरुमा विगत तीन वर्षको विद्यार्थी भर्ना विवरण उल्लेख गरिएको छ । तथ्याङ्क अनुसार शैक्षिक सत्र २०६४ सालमा खुला विद्यालयको रुपमा जनता मा.वि. इटहरीमा मात्र खुला विद्यालय शिक्षा कार्यक्रम संचालन भएको पाइयो । उक्त खुला विद्यालयमा छात्र ६ जना (२०%) र छात्रा २४ जना (८०%) गरी जम्मा ३० जना विद्यार्थीहरु विद्यालयमा भर्ना भएको पाइयो । यहाँ छात्रहरुको भन्दा विद्यालयमा भर्ना हुने छात्राहरुको संख्या ४ गुणा वढी रहेको पाइयो ।

शैक्षिक सत्र २०६५ सालमा हिमालय .उ.मा.वि दमक र आदर्श उ.मा.वि. विराटनगरमा पनि खुला विद्यालय शिक्षा कार्यक्रम संचालनमा आएको पाइयो । यस वर्ष जनता मा.वि. इटहरीमा छात्र २१ जना (२५.६%) र छात्रा ६१ जना (७४.३%) गरी जम्मा ८२ जना विद्यार्थीहरु विद्यालयमा भर्ना भएको पाइयो । विद्यालयमा भर्ना हुने छात्राहरुको संख्या छात्रहरुको संख्या भन्दा तीन गुणा भन्दा वढि रहेको पाइयो ।

हिमालय उ.मा.वि. दमकमा यस वर्ष खुला विद्यालयमा भर्ना हुने विद्यार्थीहरु छात्र २० जना (४३.४%) र छात्रा २६ जना (५६.५%) गरी जम्मा ४६ जना रहेको पाइयो । यहाँ पनि छात्राको संख्या छात्रको संख्या भन्दा वढीनै रहेको पाइयो । त्यसैगरी आदर्श उ.मा.वि. विराटनगरमा खुला विद्यालयमा भर्ना हुने विद्यार्थीहरु छात्र १३० जना (६८.४%) र छात्रा ६० जना (३१.४%) गरी जम्मा १९० जना रहेको पाइयो । यस विद्यालयमा भर्ना भएका विद्यार्थीहरु मध्ये छात्रको संख्या छात्राको भन्दा दोब्बर भन्दा पनि वढी रहेको पाइयो । यस वर्ष यस विद्यालयमा माओवादी शिविर टाँडी र याङशिलाका लडाकुहरु समेतले भर्ना लिएको पाइयो । शिविरमा वस्ने लडाकुहरुमा पुरुषहरुको संख्या अत्यधिक भएको कारण यसको असर विद्यार्थी भर्नामा परी छात्रहरुको संख्या वढी रहेको पाइयो ।

शैक्षिक सत्र २०६६ सालमा जनता मा.वि. इटहरीमा छात्र ४५ जना (४१.६%) र छात्रा (५८.३%) गरी जम्मा १०८ जना विद्यार्थीहरु विद्यालयमा भर्ना भए । यस वर्ष पनि विद्यालयमा भर्ना हुने छात्राहरुको संख्या छात्रको भन्दा बढीरहेको पाइयो । त्यसै गरी हिमालय उच्च.मा.वि. दमकमा छात्र २० जना (२५%) र छात्रा ६० जना (७५%) गरी ८० जना विद्यार्थीहरु विद्यालयमा भर्ना भए भने आदर्श मा.वि. विराटनगरमा छात्र २७ जना (४२.८%) र छात्रा ३६ जना (५७.१%)

गरी जम्मा ६३ जना विद्यार्थीहरुले विद्यालयमा भर्ना लिएको पाइयो । दुवै विद्यालयहरुमा छात्राहरुनै वढी संख्यामा विद्यालयमा भर्ना भएको पाइयो ।

तीनवटै विद्यालयमा विभिन्न शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीहरुको समष्टिलाई हेर्दा पहिलो शैक्षिक सत्रमा जम्मा ६ जना छात्र (२०%) र २४ जना छात्रा (८०%) गरी ३० जना, दोस्रो शैक्षिक सत्रमा छात्र १७१ जना (५३.७%) र छात्रा १४७ जना (४६.२%) गरी ३१८ जना, तेस्रो शैक्षिक सत्रमा छात्र ९२ जना(३६.६%) र छात्रा १५९ जना (६३.३%) गरी २५१ जना विद्यार्थीहरु खुला विद्यालयमा भर्ना भएका थिए । पहिलो शैक्षिक सत्रमा भन्दा दोस्रो शैक्षिक सत्रमा विद्यार्थी भर्ना संख्या वढेको पाइयो भने तेस्रो शैक्षिक सत्रमा भर्ना संख्या घटेको पाइयो । यसो हुनुमा आदर्श उ.मा.वि. विराटनगरमा यस वर्ष टाँडी र याङशिला शिविरका लडाकुहरुले खुला विद्यालयमा भर्ना नलिई विराटनगर क्षेत्रका विद्यार्थीहरुले मात्र भर्ना लिएको कुरा प्राचार्यवाट जानकारी पाइयो ।

शिक्षाविद् हार्विन्सन (सन् १९७०)को मानव संसाधन विकास चिन्तनको प्रमुख आशय मानवीय चिन्तनमा विकास गराउनु, सोचमा परिवर्तन ल्याउनु, मानिसलाई कामप्रति क्रियाशिल वनाउनु, मानिसमा ज्ञान र सीपको विकास गराउनु रहेको छ । अनौपचारिक प्रकृतिको खुला विद्यालय शिक्षा कार्यक्रमले औपचारिक शिक्षा कार्यक्रम अनुसार माध्यमिक तह पार गर्न नसकी निरास भएर वसेका छात्रछात्राहरुलाई माध्यमिक तह पार गरी उच्च शिक्षाका लागि ढोका खोलिदिने हुनाले वर्षैपिच्छे खुला विद्यालयमा वढिरहेको विद्यार्थी भर्नाको चापले मानव संसाधन विकासमा सहयोग पुगिरहेको कुरा पुष्टि हुन्छ । त्यसैगरी मास्लोको सिद्धान्त अनुसार मानिसका प्रसस्त इच्छा, आवश्यकताहरु र चाहनाहरु हुन्छन् । तीनीहरुको परिपूर्तिका लागि उनिहरु भौतारी रहन्छन् । एउटा आवश्यकताको परिपूर्तिपछि मात्र अर्को आवश्यकताको पूर्ति गर्नेतर्फ अगाडि बढछन् र उनीहरु कामप्रति सधै उत्प्रेरित भइरहन्छन् । खुला विद्यालयमा भएको विद्यार्थीभर्नाको चापलाई मास्लोको अभिप्रेरणा सम्वन्धी सिद्धान्तसंग तुलना गरेर हेर्दा यसले सकारात्मक नतिजा देखाएको प्रष्ट हुन्छ । “शिक्षाले व्यक्तिमा आश जगाउनु पर्छ” भन्ने पाउलो फ्रेरेको सचेतिकरणको सिद्धान्तले पनि खुला विद्यालयमा विद्यार्थी भर्नाको चाप सही रहेको कुरा पुष्टि भएको पाइन्छ ।

### ४.१.३ जातजाति अनुसार विद्यार्थी भर्ना विवरण

अध्ययन क्षेत्रभित्र परेका तीनवटा विद्यालयहरुमा विभिन्न शैक्षिक सत्रमा दलित, जनजाति र अन्य विद्यार्थीहरुको भर्ना विवरण निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ।


तालिका : २ जातजाति अनुसार विद्यार्थी भर्ना विवरण

| शैक्षिक | विद्यालयको नाम | जम्मा विद्यार्थी | दलित | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा % |
| २०६४ | ज.मा.वि. इटहरी | ३० | X | १ | १ | ३.३ | ३ | ९ | १२ | ४० | ३ | १४ | १७ | ५६.६ |
| | हि.उ.मा.वि दमक | X | X | X | X | X | X | X | X | X | X | X | X | X |
| | आ.उ.मा.वि. विराटनगर | X | X | X | X | X | X | X | X | X | X | X | X | X |
| | जम्मा | ३० | X | १ | १ | ३.३ | ३ | ९ | १२ | ४० | ३ | १४ | १७ | ५६.६ |
| २०६५ | ज.मा.वि. इटहरी | ८२ | X | X | X | X | ७ | २६ | ३३ | ४०.२ | १४ | ३५ | ४९ | ५९.७ |
| | हि.उ.मा.वि. दमक | ४६ | X | X | X | X | ४ | ७ | ११ | २३.९ | १६ | १९ | ३५ | ७६ |
| | आ.उ.मा.वि. विराटनगर | १९० | ३ | ४ | ७ | ३.६ | ७५ | १८ | ९३ | ४८.९ | ५२ | ३८ | ९० | ४७.३ |
| | जम्मा | ३१८ | ३ | ४ | ७ | २.२ | ८३ | ५१ | १३७ | ४३ | ८२ | ९२ | १७४ | ५४.७ |
| २०६६ | ज.मा.वि. इटहरी | १०८ | X | X | X | X | २१ | २२ | ४३ | ३९.८ | २४ | ४१ | ६५ | ६० |
| | हि.उ.मा.वि. दमक | ८० | १ | २ | ३ | ३.७ | ८ | २१ | २९ | ३६.२ | ११ | ३७ | ४८ | ६० |
| | आ.उ.मा.वि. विराटनगर | ६३ | १ | | १ | १.५ | १० | ६ | १६ | २५.३ | १६ | ३० | ४६ | ७३ |
| | जम्मा | २५१ | २ | २ | ४ | १.५ | ३९ | ४९ | ८८ | ३५ | ५१ | १०८ | १५९ | ६३.३ |

स्रोत : विद्यार्थी भर्ना रेकर्डवाट (२०६४-२०६६)


तालिकामा रहेको दलित, जनजाति र अन्य विद्यार्थीहरुको संख्याको समष्टिलाई निम्न अनुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र :२





शैक्षिक सत्र २०६४

चित्र : ३




शैक्षिक सत्र २०६५

चित्र : ४




शैक्षिक सत्र २०६६

माथिको तालिका अनुसार शैक्षिक सत्र २०६४ सालमा एउटा मात्र खुला विद्यालयमा विद्यार्थीहरु भर्ना भएका थिए । विद्यालयमा भर्ना भएका विद्यार्थीहरु मध्ये दलित छात्रा १ जना ( ३.३%) मात्र रहेको पाइयो भने जनजाति छात्र ३ जना (१०%) र छात्रा ९ जना (३०%) गरी जम्मा १२ जना (४०%) विद्यालयमा भर्ना भएको पाइयो । त्यसै गरी अन्य समूहको विद्यार्थीहरुमा छात्र ३ जना (१०%) र छात्रा १४ जना (४६.३%) गरी जम्मा १७ जना (५६.६%) ले पनि विद्यालयमा भर्ना लिएको पाइयो ।

शैक्षिक सत्र २०६५ सालमा खुला विद्यालयमा भर्ना हुने विद्यार्थीहरुमा दलित छात्र ३ जना (०.९%) र छात्रा ४ जना (१.२%) गरी जम्मा ७ जना (२.१%), जनजाति छात्र ८६ जना ( २७%) र छात्रा ५१ जना (१६%) गरी जम्मा १३७ जना (४३%) र अन्य समूहका विद्यार्थीहरु छात्र

८२ जना (२५.८%) र छात्रा ९२ जना (२८.९३%) गरी जम्मा १७४ जना (५४.७%) विद्यार्थीले विद्यालयमा भर्ना लिएको पाइयो ।

त्यसैगरी शैक्षिक सत्र २०६६ सालमा खुला विद्यालयमा भर्ना हुने विद्यार्थीहरु मध्ये दलित छात्र २ जना र छात्रा २ जना गरी जम्मा ४ जना (१.५%), जनजाति छात्र ३९ जना (१५.५%) र छात्रा ४९ जना (१९.५%) गरी जम्मा ८८ जना (३५%) र अन्य विद्यार्थीहरुमा छात्र ५१ जना र छात्रा १०८ जना गरी जम्मा १५९ जना (६३.३%) विद्यार्थीले विद्यालयमा भर्ना लिएको पाइयो ।

पाउलो फ्रेरे (सन् १९७०)का अनुसार, वर्गीय समाजको अवधारणा अनुसार उत्पीडित र सर्वहारा वर्गलाई शिक्षाको माध्यमवाट सचेत वनाउने सिद्धान्त सचेतीकरणको सिद्धान्त हो । यस सिद्धान्त अनुसार मार्क्सवादी अवधारणामा रही समाजको वर्गीकरण र विश्लेषण गरिन्छ । नेपाली समाज वर्गीय र जातीय समाज हो । यहाँका अधिकांश मानिसहरु गरिबी र शोषणमा रहेका छन् । शिक्षामा लगानी गर्ने रकमको अभावका साथै अन्य विविध कारणहरुका कारण धेरै बालबालिकाहरु औपचारिक शिक्षाको माध्यमिक तह पार गर्न नसकी निरास भएर त्यसै वसेका छन् । जब देशमा खुला विद्यालय शिक्षा कार्यक्रम संचालनमा आयो, माथिको तथ्यको आधारमा हेर्दा सबै जनजाति, दलित र अन्य समूहका बालबालिकाहरु विद्यालयमा भर्ना भएको पाइयो । विद्यालयमा भर्ना हुने दलितहरुको संख्या १२ जना (२%) मात्र रहेता पनि जनजातिहरुको संख्या २३७ जना (३९.५%) र अन्यको संख्या ३५० जना (५८.४%) रहेको पाइयो । यस तथ्यलाई सचेतीकरणको सिद्धान्तको आधारमा व्याख्या र विश्लेषण गर्दा खुला विद्यालयमा विद्यार्थी भर्नाको चापले सवै जातजातिका मानिसहरुलाई सचेत गराउदै लगेको कुरा पुष्टि हुन्छ ।

## ४.२ शैक्षिक र प्रशासनिक कार्य संचालन

शोध कार्यको अध्ययन क्षेत्रभित्र रहेका विद्यालयहरुमा पठनपाठन र प्रशासनिक कार्य संचालन सम्वन्धमा सोधिएको विभिन्न प्रश्नहरुको उत्तर विभिन्न व्यक्तिहरुवाट निम्न अनुसार पाइयो ।

### ४.२.१ सम्पर्क कक्षाको समय निर्धारण सम्वन्धमा

सम्पर्क कक्षाको समय निर्धारण कसरी हुने गरेको छ ? भनी शोध कार्य क्षेत्रका ३ जना संयोजक, ३० जना सहभागी र २७ जना सहजकर्ताहरुलाई प्रश्नावलीको आधारमा प्रश्न गर्दा निम्न अनुसार जवाफ पाइयो ।

तालिका : ३ सम्पर्क कक्षा समय निर्धारण

| क.स. | विवरण | संयोजक | सहजकर्ता | सहभागी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षकको समय हेरेर | X | X | X | X | X |
| २ | विद्यार्थीको समय हेरेर | X | X | X | X | X |
| ३ | शिक्षक र विद्यार्थीको सहमतीवाट | ३ | २७ | २७ | ५७ | ९५ |
| ४ | विद्यालयले तोके अनुसार | X | X | ३ | ३ | ५ |

स्रोत :- सर्वेक्षणवाट प्राप्त मत (२०६७)

माथिको तालिका अनुसार सम्पर्क कक्षाको समय शिक्षक र विद्यार्थीको सहमती अनुसार निर्धारण गरिन्छ भन्ने मत ५७ जना (९५%) पाइयो भने विद्यालयले तोके अनुसार हुन्छ भन्ने मत ३ जना (५%) रहेको पाइयो । यस तथ्यवाट खुला विद्यालयहरुमा सम्पर्क कक्षा संचालन गर्नका लागि समय निर्धारण सहमती अनुसारनै हुने गरेको पाइयो ।

पाउलो फ्रेरे (सन् १९७०)को सचेतीकरणको सिद्धान्त अनुसार व्यक्तिले आफ्नो वरिपरिको वस्तु स्थितिको व्यक्तिगत र सामूहिक रुपमा अध्ययन र विश्लेषण गर्ने, विश्लेषण पछि प्राप्त निष्कर्षको आधारमा सामूहिक कार्य गर्ने गर्दछन् । यस आधारमा माथिको तथ्यलाई विश्लेषण गर्दा विभिन्न पेशा र व्यवसायमा संलग्न रहेका विद्यार्थीहरु खुला विद्यालयमा भर्ना भएका हुन्छन् । उनीहरुको सम्पर्क कक्षामा सहभागी हुने समयको निर्धारण उनीहरुकै सहमतीमा निर्धारण नभए पछि उपस्थिति न्यून रहने सम्भावना रहन्छ । यही कुरालाई मध्यनजर राखेर खुला विद्यालयमा सम्पर्क कक्षाको निर्धारण सहमतीवाट नै हुने गरेको तथ्यले यसको प्रभावकारिता वढेको कुरा पुष्टि हुन्छ ।

### ४.२.२ शैक्षिक सामग्री प्रयोग

अध्ययन क्षेत्रभित्र परेका विद्यालयहरुमा सम्पर्क कक्षा संचालन गर्दा शैक्षिक सामग्रीहरु के के प्रयोग हुने गरेका छन् ? भनी सहजकर्ता २७ जना र सहभागी ३० जनालाई प्रश्न गर्दा कक्षा शिक्षणमा शैक्षिक सामग्रीको रुपमा निम्न अनुसारका सामग्रीहरु प्रयोग हुने गरेको जानकारी प्राप्त भयो ।

तालिका : ४ शैक्षिक सामग्री विवरण

| क.स | शैक्षिक सामग्री | सहभागी | सहजकर्ता | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक | ३० | २७ | ५७ | १०० |
| २ | सहयोगी पुस्तक | १५ | २५ | ४० | ७०.१ |
| ३ | सि.डि. | २० | ४ | २४ | ४२.१ |
| ४ | अन्य | १० | १५ | २५ | ४३.८ |

स्रोत : प्रश्नावलीवाट प्राप्त मत (२०६७)

माथिको तालिकालाई विश्लेषण गर्दा खुला विद्यालय शिक्षा कार्यक्रममा सम्पर्क कक्षा संचालन गर्दा प्रयोग हुने शैक्षिक सामग्रीमा पाठ्यपुस्तक नै प्रयोग हुने गरेको भन्ने मत १००% भएको पाइयो, त्यसै गरी सहयोगी पुस्तक प्रयोग हुने गरेको भन्ने मत ७०.१%, सि.डी प्रयोग हुने भन्ने मत ४२.१%, र अन्य शैक्षिक सामग्रीहरु प्रयोग हुने भन्ने मत ४३.८% रहेको पाइयो ।

मास्ला (सन् १९४३)को अभिप्रेरणा सम्वन्धी सिद्धान्त आवश्यकतामा आधारित सिद्धान्त हो । यस सिद्धान्त अुसार मानिसका थुप्रै आवश्यकताहरु हुन्छन् र ती आवश्यकताहरु क्रमवद्ध तरिकावाट प्राप्त हुदै जान्छन् । जसले गर्दा मानिसहरु कामप्रति अभिप्रेरित हुन्छन् । ती आवश्यकताहरु प्राप्त गर्न मानिसहरुलाई ज्ञान र सीपको आवश्यकताहरु पर्दछ । त्यसको लागि सिकाइ हुन आवश्यक छ । शैक्षिक सामग्रीहरु सिकाइका आधारहरु हुन र अभिप्रेरणाका साधनहरु पनि हुन । जब बालक विषय वस्तुप्रति अभिप्रेरित हुँदैन, उसले सिक्न सक्दैन । खुला विद्यालय शिक्षा कार्यक्रम औपचारिक शिक्षा कार्यक्रम जस्तो कार्यक्रम नभएर सम्पर्क कक्षाहरु मार्फत सहभागीहरुले नजानेका, नबुझेका विषयवस्तुहरुमाथी शिक्षकले सहजता ल्याउनका लागि सहयोग गरिदिने कार्यक्रम मात्र भएकाले दैनिक प्रयोग हुने शैक्षिक सामग्रीमा केही फरक

हुन आउछ । तैपनि खुला विद्यालयहरुमा पनि सम्पर्क कक्षा संचालन भएको समयमा पाठ्यपुस्तक, सहयोगी पुस्तक, सि.डी र अन्य किसिमका शैक्षिक सामग्रीहरु प्रर्याप्त मात्रामा प्रयोग हुने कुरा तथ्याङकबाट प्राप्त भयो । प्राप्त नतिजालाई मास्लोको अभिप्रेरण सम्वन्धी सिद्धान्तसंग तुलना गरेर हेर्दा शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीहरुमा सिकाइ सकारात्मक प्रभाव पार्ने कुरा प्रष्ट हुन्छ । यसले विद्यार्थीहरुमा ज्ञान, सीपको राम्रो धारणा बस्न गई भविष्यमा आफ्ना आवश्यकताहरु पुरा गर्दै जाने कुरामा सहयोग मिल्ने कुरा प्रष्ट हुन्छ ।

### ४.२.३ परीक्षा र मूल्याङकन

अध्ययन क्षेत्रभित्र परेका विद्यालयहरुमा सम्पर्क कक्षा संचालन गरिसकेपछि आन्तरिक मूल्याङकन कसरी हुने गरेको छ ? भनी सहजकर्ता २७ जना, सहभागी ३० जना र संयोजक ३ जनालाई बेग्लाबेग्लै प्रश्न गर्दा उनीहरुको मत निम्नअनुसार पाइयो ।

तालिका : ५ परीक्षा र मूल्याङकन

| क.सं | परीक्षा प्रकार | संयोजक | सहजकर्ता | सहभागी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कक्षाकार्यवाट | x | x | २० | २० | ३३.३ |
| २ | गृहकार्यवाट | x | x | २२ | २२ | ३६.६ |
| ३ | एकाईपरीक्षावाट | x | x | १८ | १८ | ३० |
| ४ | नियमिततावाट | x | x | १० | १० | १६.६ |
| ५ | माथिका सवै | ३ | ३० | २० | ५३ | ८३.३ |

स्रोत : प्रश्नावलीवाट प्राप्त मत (२०६७)

माथिको तालिका अनुसार विद्यार्थीहरुको आन्तिरिक मूल्याङकन विभिन्न मूल्याङकन का साधनहरु वाट हुने गरेको पाइयो । प्राप्त मत परिणाम अनुसार कक्षा कार्यवाट मूल्याङकन हुन्छ भन्ने मत ३३.३%, गृहकार्यवाट हुन्छ भन्ने ३६.६%, एकाइ परीक्षावाट हुन्छ भन्नेमा ३०%, नियमिततावाट मात्र हुन्छ भन्ने १६.६% र माथि उल्लेख भएका सबै साधनवाट आन्तरिक परीक्षाको मूल्याङकन हुन्छ भन्ने मत ८३.३% पाइयो ।

शिक्षाविद् हार्विन्सन (सन् १९७०)का अनुसार “मानव संसाधन विकास हुनु भनेको चिन्तनमा विकास हुनु हो” । मानिसको चिन्तन विकास गर्नका लागि उसलाई शिक्षा, तालिम र अन्तरक्रियाको आवश्यकता पर्दछ । शिक्षा लिने र दिने क्रममा के कस्ता कमी कमजोरीहरु रहे,

सिकाइ भयो वा भएन भनी लेखाजोखा गर्न परीक्षा र मूल्याङकनको आवश्यकता पर्दछ । मूल्याङकन प्रक्रिया पछि मात्र व्यक्तिमा के कति ज्ञान, सीप प्राप्त भयो भन्ने कुरा थाहा हुन्छ । खुला विद्यालय शिक्षा कार्यक्रम अनौपचारिक शिक्षा कार्यक्रम भएकाले यसमा औपचारिक शिक्षाको जस्तै नियमित कक्षा शिक्षण हुदैन् । तोकिएको समयमा सम्पर्क कक्षाहरु संचालन भएर त्यसमार्फत विद्यार्थीले नजानेका, नबुझेका कुराहरुमा शिक्षकबाट सहयोग गर्ने गरिन्छ । यसै क्रममा सम्पर्क कक्षाहरु संचालन गर्दा आन्तरिक मूल्याङकनका रुपमा विविध साधनहरु कक्षा कार्य, गृहकार्य, एकाई परीक्षा, नियमिततालाई आधार मानेर मूल्याङकन गर्ने गरेको तथ्य प्राप्त भयो । यस कार्यले विद्यार्थीहरुका कमीकमजोरीहरु पत्ता लगाई सुधार गर्ने, विद्यार्थीहरुलाई सिकाइमा उतप्रेरित गर्ने कार्य गरिरहेको हुनाले मानव संसाधन विकासमा सहयोग गरिरहेको छ । त्यसैगरी मानव संसाधन विकास भएपछि मानिस आफैले आफ्ना आवश्यकताहरु एक-एक गरी पूरा गर्दै जान्छ । मास्लोको अभिप्रेरणा सम्वन्धी/आवश्यकताको सोपान सम्वन्धी सिद्धान्तको आधारवाट हेर्दा पनि यस कार्यले सकारात्मक बाटो अंगालेको देखिन्छ ।

## ४.३ विद्यार्थीको सिकाइ उपलब्धि विवरण

शोध कार्यको अध्ययन क्षेत्रभित्र परेका तीनवटा माध्यमिक स्तरका खुला विद्यालयमा भर्ना भइ शैक्षिक सत्र २०६४, २०६५ र २०६६ सालमा एस.एल.सी. परीक्षामा सामेल भएका विद्यार्थीहरुको शैक्षिक उपलब्धि विवरण निम्न अनुसार पाइयो ।


तलिका : ६ सिकाइ उपलब्धि विवरण

| शैक्षिक सत्र | विद्यालयको नाम | भर्ना संख्या | परीक्षामा सामेल | | | उतीर्ण संख्या | | | | विद्यालय छोडने संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | जम्मा % | जम्मा | जम्मा % |
| २०६४ | ज.मा.वि. इटहरी | ३० | ६ | २४ | ३० | १ | ११ | १२ | ४० | x | x |
| | हि.उ.मा. वि.दमक | x | x | x | x | x | x | x | x | x | x |
| | आ.उ.मा वि विराटनगर | x | x | x | x | x | x | x | x | x | x |
| | जम्मा | ३० | ६ | २४ | ३० | १ | ११ | १२ | ४० | x | x |
| २०६५ | ज.मा.वि. इटहरी | ८२ | २१ | ६१ | ८२ | १९ | ५० | ६९ | ८४.१ | x | x |
| | हि.उ.मा. वि.दमक | ४६ | ७ | १६ | २३ | ५ | १६ | २१ | ९१.२ | २३ | ५० |
| | आ.उ.मा वि विराटनगर | १९० | ११४ | ५३ | १६७ | ९६ | ४० | १३६ | ८१.४ | ३३ | १७.३ |
| | जम्मा | ३१८ | १४२ | १३० | २७२ | १२० | १०६ | २२६ | ८३.० | ५६ | १७.६ |
| २०६६ | ज.मा.वि. इटहरी | १०८ | ३८ | ५७ | ९५ | २५ | ४३ | ६८ | ७१.५ | १३ | १२.० |
| | हि.उ.मा. वि.दमक | ८० | १५ | ४६ | ६१ | १२ | ३० | ४२ | ६८.८ | १९ | २३.७५ |
| | आ.उमा वि. विराटनगर | ६३ | २७ | ३६ | ६३ | ९ | ९ | १८ | २८.५ | x | X |
| | जम्मा | २५१ | ८० | १३९ | २१९ | ४६ | ८२ | १२८ | ५८.४ | ३२ | १२.७ |

स्रोत : एस.एल.सी परीक्षा मार्क लेजरवाट (२०६४ -२०६६)

तालिका अनुसार तीनवटै शैक्षिक सत्रमा तीनवटै विद्यालयवाट एस.एल.सी परीक्षामा सम्मिलित भई उत्तीर्ण भएका छात्र छात्राहरुको समष्टि विवरणलाई निम्नअनुसार स्तम्भ चित्रमा देखाइएको छ ।

चित्र : ५




शैक्षिक सत्र

माथिको तालिका अनुसार शैक्षिक सत्र २०६४ सालमा जनता मा.वि इटहरीबाट मात्र खुला विद्यालयका विद्यार्थीहरु एस.एल.सी. परीक्षामा सामेल भएको पाइयो । विद्यालयमा भर्ना लिएका सवै ३० जना विद्यार्थीहरु परीक्षामा सामेल भएकोमा छात्र १ जना (३.३%) र छात्रा ११ जना (३६.६%) गरी १२ जना(४०%) विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो ।

शैक्षिक सत्र २०६५ सालमा थप दुईवटा विद्यालयहरु हिमालय उ.मा.वि. दमक र आदर्श उ.मा.वि, विराटनगरबाट पनि विद्यार्थीहरु एस.एल.सी परीक्षामा समावेश भएको पाइयो । तीनैवटा विद्यालयमा भर्ना भएका जम्मा ३१८ जना विद्यार्थीहरु मध्ये छात्र १४२ जना र छात्रा १३० जना गरी जम्मा २७२ जना परीक्षामा सामेल भएको पाइयो । परीक्षामा सामेल विद्यार्थीहरु मध्ये छात्र १२० जना(४४.१%) र छात्रा १०६ जना (३८.९७%) गरी जम्मा २२६ (८३%) विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो । यस वर्ष विद्यालयमा भर्ना भएका विद्यार्थीहरु मध्ये ५६ जना (१७.६%) विद्यार्थीहरु परीक्षामा सामेल भएनन् ।

त्यसैगरी शैक्षिक सत्र २०६६ सालमा पनि तीनवटै विद्यालयबाट विद्यार्थीहरु एस.एल.सी. परीक्षामा सामेल भएको पाइयो । तीनवटा विद्यालयमा भर्ना भएका जम्मा २५१ जना विद्यार्थीहरु मध्ये छात्र ८० जना र छात्रा १३९ जना गरी जम्मा २१९ जना परीक्षामा सामेल भएको पाइयो । परीक्षामा सामेल विद्यार्थीहरु मध्ये छात्र ४६ जना (२१%) र छात्रा ८२ जना (३७.४%) गरी जम्मा १२८ जना (५८.४%) विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो । यस

विद्यालयमा भर्ना भएका विद्यार्थीहरु मध्ये ३२ जना (१२.७%) विद्यार्थीहरु परीक्षामा सामेल नभएको पाइयो ।

विगत ३ वर्षको एस.एल.सी परीक्षाको नतिजा संग अध्ययन क्षेत्र भित्र परेका विद्यालयहरुको नतिजालाई तुलनात्मक रुपमा विश्लेषण गर्दा शैक्षिक सत्र २०६४ को राष्ट्रिय उत्तिर्ण प्रतिशत ६८.२% भएकोमा खुला विद्यालयको उत्तीर्ण प्रतिशत ४०% मात्र रहेको, शैक्षिक सत्र २०६५ मा राष्ट्रिय उत्तीर्ण प्रतिशत ६८.२% भएकोमा खुला विद्यालयको उत्तीर्ण प्रतिशत ८३% रहेको र शैक्षिक शत्र २०६६ को राष्ट्रिय उत्तीर्ण प्रतिशत ६५.३% भएकोमा खुला विद्यालयको उत्तीर्ण प्रतिशत ५८.४% मात्र रहेको पाइयो । यसरी हेर्दा एस.एल.सी परीक्षाको नतिजा २०६४ साल र २०६६ सालमा खुला विद्यालयको कम प्रतिशत नै रहेको पाइयो ।

हार्विन्सन् (सन १९७०)का अनुसार मानव संसाधन विकास गर्नु भनेको मानिसको चिन्तनमा विकास गराउनु हो । यस प्रकारको स्रोत विकासले सामाजिक परिवर्तन गर्दै राष्ट्रिय विकासमा योगदान पुऱ्याउछ । मानव संसाधन विकासको माध्यम अनौपचारिक शिक्षा हुन सक्छ । यस चिन्तनको आधारमा माथिको तालिका अनुसार प्राप्त तथ्याङकलाई विश्लेषण गर्दा खुला विद्यालय शिक्षा एउटा अनौपचारिक शिक्षा कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय तह पूरा गर्न नसकेर त्यसै बसेका व्यक्तिहरुलाई विद्यालय तह पूरा गराउन सहयोग गरिरहेको कुरा प्रष्ट छ । औपचारिक विद्यालय शिक्षाका लागि लिइने एस.एल.सी. परीक्षामा खुला विद्यालय तर्फका विद्यार्थीहरुलाई पनि सामेल गरिएको छ । नतिजा प्रकाशन हुदा पहिलो र तेस्रो वर्षमा राष्ट्रिय रेकर्ड भन्दा कम प्रतिशत नतिजा निस्किए पनि दोस्रो वर्षमा निक्कै वढी नतिजा निकाल्न सफल भएको छ । नतिजालाई औसत रुपमा तुलना गर्दा राष्ट्रिय रेकर्डको हाराहारीमा नै रहेको छ । यसबाट के कुरा प्रष्ट हुन्छ भने खुला विद्यालय शिक्षा कार्यक्रमले औपचारिक शिक्षाका जति नै मानव संसाधन विकासमा योगदान गरिरहेको छ । त्यसैगरी खुला विद्यालय शिक्षा कार्यक्रममा सहभागी विद्यार्थीहरु विद्यालय तह पूरा गर्न नसकेका, पिछडिएका, दलित, जनाजति र अन्य सबै वर्गका भएका, नियमित कक्षा नलिई सम्पर्क कक्षाको माध्यमबाट सामूहिक वा व्यक्तिगत रुपमा अध्ययनमा सहभागी भई परीक्षामा सामेल भई उल्लेखित नतिजा निकाल्न सफल हुनु पाउलो फ्रेर (सन् १९७०)को सचेतीकरणको सिद्धान्तको पनि औचित्य पुष्टि भएको छ ।

### ४.३.१ श्रेणी अनुसार सिकाइ उपलब्धि विवरण

अध्ययन क्षेत्रभित्र परेका तीनवटा खुला विद्यालयको एस.एल.सी. परीक्षाको श्रेणी अनुसारको सिकाइ उपलब्धि विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।


तालिका ७ : श्रेणी अनुसार सिकाइ उपलब्धि विवरण


| शैक्षिक सत्र | विद्यालयको नाम | उतीर्ण संख्या | | प्रथम श्रेणी | | | | द्वितीय श्रेणी | | | | तृतीय श्रेणी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा % |
| २०६४ | ज.मा.वि. इटहरी | १२ | ४० | X | २ | २ | ६.६ | १ | ९ | १० | ३३.३ | X | X | X | X |
| | हि.उ.मा.वि दमक | X | X | X | X | X | X | X | X | X | X | X | X | X | X |
| | आ.उ.मा.वि विराटनगर | X | X | X | X | X | X | X | X | X | X | X | X | X | X |
| | जम्मा | १२ | ४० | X | २ | २ | ६.६ | १ | ९ | १० | ३३.३ | X | X | X | X |
| २०६५ | ज.मा.वि. इटहरी | ६९ | X | २ | ९ | ११ | १३.१ | १६ | ३९ | ५५ | ६७ | १ | २ | ३ | ३.६ |
| | हि.उ.मा.वि . दमक | २१ | X | X | २ | २ | ८.६ | ५ | १४ | १९ | ८२.६ | X | X | X | X |
| | आ.उ.मा.वि विराटनगर | १३६ | X | १७ | ११ | २८ | १६.७ | ६० | २६ | ८६ | ५१.४ | १९ | ३ | २२ | १३.७ |
| | जम्मा | २२६ | ८३ | १९ | २२ | ४१ | १५ | ८१ | ७९ | १६० | ५८.८ | २० | ५ | २५ | ९.१ |
| २०६६ | ज.मा.वि. इटहरी | ६८ | X | १ | X | १ | १ | २३ | ३९ | ६२ | ६५.२ | १ | ४ | ५ | ५.२ |
| | हि.उ.मा.वि . दमक | ४२ | X | १ | १ | २ | ३.२ | ८ | १५ | २३ | ३७.७ | ३ | १४ | १७ | २७.७ |
| | आ.उ.मा.वि विराटनगर | १८ | X | X | X | X | X | ७ | ५ | १२ | १९.४ | २ | ४ | ६ | ९.२ |
| | जम्मा | १२८ | ५८.७ | २ | १ | ३ | १.३ | ३८ | ५९ | ९७ | ४४.२ | ६ | २२ | २८ | १२.७ |

स्रोत : एस.एल.सी परीक्षाको मार्क लेजर (२०६४-२०६६)

माथिको तालिकामा देखाइएको विभिन्न शैक्षिक सत्रको विभिन्न श्रेणीमा उत्तीर्ण विद्यार्थीहरुको संख्यालाई स्तम्भ चित्रमा निम्न अनुसार देखाइएको छ ।

चित्र : ६      चित्र : ७      चित्र : ८




शैक्षिक सत्र २०६४      शैक्षिक सत्र २०६५      शैक्षिक सत्र २०६६

माथिको तालिका अनुसार शैक्षिक सत्र २०६४ सालमा एस.एल.सी. परीक्षामा सामेल कुल ३० जना विद्यार्थीहरु मध्ये १२ जना (४०%) विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो । उत्तीर्ण भएका विद्यार्थीहरुमा छात्र २ जना (६.६%) प्रथम श्रेणीमा, छात्र १ जना र छात्रा ९ जना गरी जम्मा १० जना (३३.३%) द्वितीय श्रेणीमा उत्तीर्ण भएको पाइयो ।

शैक्षिक सत्र २०६५ सालमा एस.एल.सी. परीक्षामा सामेल २७२ जना विद्यार्थीहरु मध्ये २२६ जना (८३%) विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो । उत्तीर्ण भएका विद्यार्थीहरुमा छात्र १९ जना र छात्रा २२ जना गरी जम्मा ४१ जना (१५%) प्रथम श्रेणीमा, छात्र ८१ जना र छात्रा ७९ जना गरी जम्मा १६० जना (५८.८%) द्वितीय श्रेणीमा र छात्र २० जना र छात्रा ५ जना गरी जम्मा २५ जना (९.१%) तृतीय श्रेणीमा उत्तीर्ण भएको पाइयो ।

त्यसै गरी शैक्षिक सत्र २०६६ सालमा एस.एल.सी. परीक्षामा सामेल २१९ जना विद्यार्थीहरु मध्ये १२८ जना (५८.४%) विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो । उत्तीर्ण विद्यार्थीहरु

मध्ये छात्र २ जना र छात्रा १ जना गरी जम्मा ३ जना (१.३%) प्रथम श्रेणीमा, छात्र ३८ जना र छात्रा ५९ जना गरी जम्मा ९७ जना (४४.२%) द्वितीय श्रेणीमा र छात्र ६ जना र छात्रा २२ जना गरी जम्मा २८ जना (१२.७%) तृतीय श्रेणीमा उत्तीर्ण भएको पाइयो ।

समग्र उत्तीर्ण प्रतिशतलाई हेर्दा प्रथम श्रेणीमा र तृतीय श्रेणीमा उत्तीर्ण संख्या कम रहेको र द्वितीय श्रेणीमा वढी विद्यार्थी उत्तीर्ण भएको पाइयो । यसवाट मध्यम स्तरका विद्यार्थीहरु खुला विद्यालयमा अध्ययन गर्ने गरेको पाइयो ।

विद्यार्थीहरुले परीक्षामा नतिजा कस्तो निकाल्छन् भन्ने कुरा उनीहरुले सिकाइ कस्तो गरे भन्ने कुरासंग सम्वन्धित हुन्छ । सिकाइ राम्रो वा नराम्रो कस्तो हुने कुरा विद्यार्थीहरुको विषयवस्तु प्रतिको लगनशीलतामा भर पर्छ । यदि विद्यार्थीहरु विषयवस्तु प्रति सकारात्मक रुपले उत्प्रेरित भई लगनशीलताका साथ अध्ययनमा लाग्ने हो भने परीक्षामा नतिजा नराम्रो आउने प्रश्नै आउदैन । माथिको तालिका र चित्रबाट प्राप्त नतिजालाई मास्लोको अभिप्रेरणा सम्वन्धी सिद्धान्तका आधारमा विश्लेषण गर्दा थोरै ज्ञान सीपले पनि जीवन निर्वाह गर्न सकिन्छ भनी विद्यालय तह पूरा गर्न छोडेका बालबालिकाहरु दैनिक जीवनमा आईपर्ने समस्यासंग जुध्नका लागि थप शिक्षाको महसुस गरी खुला विद्यालयमा भर्ना लिई परीक्षामा प्राप्त नतिजाले आवश्यकताको सिद्धान्तलाई पुष्टि गरेको छ । प्रथम श्रेणीमा कम विद्यार्थी उत्तीर्ण हुनु, द्वितीय श्रेणीमा वढी विद्यार्थी उत्तीर्ण हुनु, तृतीय श्रेणीमा कम विद्यार्थी उत्तीर्ण हुनु गुणका हिसावले मध्यम देखिन्छ । तर समग्रमा वढी विद्यार्थीहरु उत्तीर्ण हुनु सकारात्मक उत्प्रेरणाले काम गरेको पाइयो । विद्यालय तह पार गर्न नसकेर वसेका विद्यार्थीहरु शिक्षाप्रति उत्प्रेरित भई राम्रो नतिजा निकाल्न सक्नु औपचारिक शिक्षा प्रकृतिको खुला शिक्षाको सवल पक्ष हो ।

### ४.३.२ जातजाति अनुसार सिकाइ उपलब्धि विवरण


अध्ययन क्षेत्र भित्र परेका विद्यालयहरुवाट एस.एल.सी. परीक्षामा सामेल भई उत्तीर्ण भएका जातजातिहरुको विवरण कस्तो रहेछ भनी तथ्याङक संकलन गर्दा निम्न अनुसार पाइयो ।

तालिका : ८ जातजाति अनुसार सिकाइ उपलब्धि

| शैक्षिक सत्र | विद्यालयको नाम | परीक्षामा सामेल | दलित | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्र | छात्रा | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा% | छात्र | छात्रा | जम्मा | जम्मा% |
| २०६४ | ज.मा.वि. इटहरी | ३० | X | X | X | X | १ | ३ | ४ | १३.३ | X | ८ | ८ | २६.६ |
| | हि.उ.मा.वि दमक | X | X | X | X | X | X | X | X | X | X | X | X | X |
| | आ.उ.मा.वि विराटनगर | X | X | X | X | X | X | X | X | X | X | X | X | X |
| | जम्मा | ३० | X | X | X | X | १ | ३ | ४ | १३.३ | X | ८ | ८ | २६.६ |
| २०६५ | ज.मा.वि. इटहरी | ८२ | X | X | X | X | ७ | २१ | २८ | X | ११ | ३० | ४१ | X |
| | हि.उ.मा.वि. दमक | २३ | X | X | X | X | X | ४ | ४ | X | ५ | १२ | १७ | X |
| | आ.उ.मा.वि विराटनगर | १६७ | १ | ५ | ६ | २.२ | ५९ | १३ | ७२ | X | ३३ | २५ | ५८ | X |
| | जम्मा | २७२ | १ | ५ | ६ | २.२ | ६६ | ३८ | १०४ | ३८.२ | ४९ | ६७ | ११६ | ४२.६ |
| २०६६ | ज.मा.वि. इटहरी | ९५ | X | X | X | X | ९ | १४ | २३ | X | १६ | २९ | ४५ | X |
| | हि.उ.मा.वि. दमक | ६१ | X | १ | १ | X | ४ | ११ | १५ | X | ८ | १८ | २६ | X |
| | आ.उ.मा.वि विराटनगर | ६३ | X | X | X | X | ३ | २ | ५ | X | ६ | ७ | १३ | X |
| | जम्मा | २१९ | X | १ | १ | ०.४ | १६ | २७ | ४३ | १९.६ | ३० | ५४ | ८४ | ३८.३ |


स्रोत : एस.एल.सी परीक्षाको मार्क लेजर (२०६४-२०६६)

चित्र ९





२०६४

चित्र १०




२०६५

चित्र ११




२०६६

माथिको तालिका अनुसार अध्ययन क्षेत्रभित्र परेका तीनवटा खुला विद्यालयवाट एस.एल.सी परीक्षामा सामेल भई उत्तीर्ण भएका विद्यार्थीहरुलाई जातजातिका अनुसार विश्लेषण गर्दा परीक्षामा सामेल जम्मा ३० जना विद्यार्थीहरु मध्ये शैक्षिक सत्र २०६४ सालमा कुनैपनि दलित विद्यार्थीहरु उत्तीर्ण भएनन् भने छात्र १ जना र छात्रा ३ जना गरी जम्मा ४ जना ( १३.३%) जनजाति र छात्रा ८ जना (२६.६%) अन्य समुहका विद्यार्थी उत्तीर्ण भएको पाइयो ।

शैक्षिक सत्र २०६५ सालमा एस.एल.सी. परीक्षामा सम्मिलित हुने २७२ जना विद्यार्थीहरु मध्ये छात्र १ जना र छात्रा ५ जना गरी जम्मा ६ जना (२.२%) दलित, छात्र ६६ र छात्रा ३८ गरी जम्मा १०४ जना (३८.२%) जनजाति र छात्र ४९ र छात्रा ६७ जना गरी जम्मा ११६ जना (४२.६%) अन्य समूहका विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो । त्यसै गरी शैक्षिक सत्र २०६६ सालमा एस.एल.सी. परीक्षामा सामेल भएका जम्मा २१९ जना विद्यार्थीहरु मध्ये छात्रा १ जना (०.४%) दलित, छात्र १६ जना र छात्रा २७ जना गरी जम्मा ४३ जना (१९.६%) जनजाति र छात्र ३० जना र छात्रा ५४ जना गरी जम्मा ८४ जना (३८.३%) अन्य समूहका विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो ।

पाउलो फ्रेरे (सन् १९७०)का अनुसार वर्गीय समाजको अवधारणा अनुसार उत्पीडित र पछाडि परेका वर्गका मानिसलाई शिक्षाको माध्यमवाट सचेत वनाउने सिद्धान्त नै सचेतीकरणको सिद्धान्त हो । यसरी सचेत भएको व्यक्तिले सामूहिक अध्ययन गर्ने, आफ्नो समुदाय वा सामूहिक रुपमा निष्कर्षमा पुग्ने काम गर्दछ । यस सिद्धान्तले गरिब, निमुखा र

शक्तिहीनहरुलाई "धन होइन न्याय चाहियो" भनि माग्नका लागि तयार पार्दछ । यस प्रकाशमा माथिको तथ्याङकको नतिजालाई विश्लेषण गर्दा खुला विद्यालयमा निःशुल्क रुपमा अध्ययन गर्न भर्ना भएका पिछडिएका, दलित, जनजाति र अन्य विद्यार्थीहरु मध्ये दलित विद्यार्थीहरुको परीक्षाको नतिजा न्यून रहेको भएता पनि जनाजति विद्यार्थीहरु उल्लेख्य रुपमा उत्तीर्ण भएकाले उनीहरुका लागि उच्च शिक्षाको ढोका खुलेको छ । उनिहरु सचेत बन्दै गएका छन् । यसकारण फ्रेरेको सिद्धान्त अनुसार खुला विद्यालय शिक्षा कार्यक्रमले पछाडि परेका र कमजोर वर्गका मानिसहरुलाई न्याय प्रदान गरेको कुरा प्रष्ट हुन्छ ।

## ४.४ सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

औपचारिक विद्यालय र खुला विद्यालयका विद्यार्थीहरुको सिकाइ उपलब्धिको तुलनात्मक रुपमा अध्ययन गर्दा निम्नअनुसार पाइयो ।

तालिका : ९ सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

| शैक्षिक सत्र | विद्यालयको नाम | औपचारिक तर्फ | | | अनौपचारिक तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा विद्यार्थी | उत्तीर्ण विद्यार्थी | उत्तीर्ण प्रतिशत | जम्मा विद्यार्थी | उत्तीर्ण विद्यार्थी | उत्तीर्ण प्रतिशत |
| २०६४ | ज.मा.वि इटहरी | ७२ | २७ | ३७.५ | ३० | १२ | ४० |
| | हि.उ.मा.वि.दमक | X | X | X | X | X | X |
| | आ.उ.मा.वि विराटनगर | X | X | X | X | X | X |
| | औसत | X | X | ३७.५ | X | X | ४० |
| २०६५ | ज.मा.वि इटहरी | १२० | ८४ | ७० | ८२ | ६९ | ८४.१ |
| | हि.उ.मा.वि.दमक | १६५ | ११५ | ६९.६ | २३ | २१ | ९२.२ |
| | आ.उ.मा.वि विराटनगर | ८५ | ५४ | ६३.५ | १६७ | १३६ | ८१.४ |
| | औसत | X | X | ६७.७ | X | X | ८५.५ |
| २०६६ | ज.मा.वि इटहरी | ११३ | ६५ | ५७.५ | ९५ | ६८ | ७१.५ |
| | हि.उ.मा.वि.दमक | १८५ | १२० | ६४.८ | ६१ | ४२ | ६८.८ |
| | आ.उ.मा.वि विराटनगर | ७८ | ३० | ३८.४ | ६३ | १८ | २८.५ |
| | औसत | X | X | ५३.५ | X | X | ५६.२ |

स्रोत : एस.एल.सी परीक्षाको मार्क लेजर (२०६४-२०६६)

माथिको तालिकाको आधारमा तथ्याङकलाई व्याख्या गर्दा वि.सं २०६४ सालमा श्री ज.मा.वि इटहरीवाट मात्र खुला तथा औपचारिक दुवै विद्यालयवाट विद्यार्थीहरु एस.एल.सी

परीक्षामा सामेल भएको पाइयो । परीक्षा नतिजा प्रकाशन हुंदा औपचारिक विद्यालय तर्फ ३७.५% र खुला विद्यालय तर्फ ४०% विद्यार्थीहरु उत्तिर्ण भएको पाइयो ।

वि.सं २०६५ सालमा तीनवटै विद्यालयवाट खुला तथा औपचारिक दुवै तर्फका विद्यार्थीहरु एस.एल.सी परीक्षामा सामेल भएको पाइयो । परीक्षाको नतिजा प्रकाशन हुंदा ज.मा.वि. इटहरीमा औपचारिक विद्यालय तर्फ ७०% र खुला विद्यालय तर्फ ८४.१% विद्यार्थी उत्तिर्ण भएको पाइयो । त्यसै गरी हि.उ.मा.वि दमकमा औपचारिक विद्यालय तर्फ ६९.६% र खुला विद्यालय तर्फ ९१.२% र आ.उ.मा.वि विराटनगरमा औपचारिक विद्यालय तर्फ ६३.५% र खुला विद्यालय तर्फ ६३.५% विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो । तीनैवटा विद्यालयको औसत सिकाइ उपलव्धि औपचारिक विद्यालय तर्फ ६७.७% र खुला विद्यालय तर्फ ८५.५% रहेको पाइयो ।

वि.सं २०६६ सालमा ज.मा.वि इटहरीमा औपचारिक विद्यालय तर्फ ५७.५% र खुला विद्यालय तर्फ ७१.५% हि.मा.वि. दमकमा औपचारिक विद्यालय तर्फ ६४.८% र खुला विद्यालय तर्फ ६८.८% साथै आ.उ.मा.वि विराटनगरमा औपचारिक विद्यालय तर्फ ३८.४% र खुला विद्यालय तर्फ २८.५% विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो ।

तथ्याङकलाई विश्लेषण गर्दा ३ वटै वर्षका परीक्षाहरुमा औपचारिक विद्यालय तर्फको विद्यार्थीको सिकाइ उपलव्धि भन्दा खुला विद्यालय तर्फको विद्यार्थीहरुको सिकाइ उपलव्धि राम्रो रहेको पाइयो । यसो हुनुमा लामो समय देखी विद्यालय छोडी वसेका विद्यार्थीहरुमा वदलिदो परिवेश अनुसार पहिला लिएको शिक्षाले आवश्यकता पूरा गर्न नसकि रहेको अवस्थामा खुला विद्यालय संचालन हुंदा त्यस तर्फवाट थप शिक्षा लिईआवश्यकता पूरा गर्न सकिन्छ भन्ने अभिप्रायवाट उत्प्रेरित भई खुला विद्यालयमा भर्ना भएका विद्यार्थीहरु वढि संख्यामा उत्तिर्ण भएको पाइयो ।

यस तथ्यको आधारमा हेर्दा मास्लो (सन् १९७०)को अभिप्रेरण सम्वन्धि सिद्धान्तले यहा काम गरेको देखियो ।

## ४.५ शिक्षक विवरण

कक्षा शिक्षणमा शिक्षक /सहजकर्ताको भूमिका महत्वपूर्ण हुन्छ । त्यसमा पनि तालिम अप्राप्त शिक्षकले गरेको कक्षा शिक्षण भन्दा तालिम प्राप्त शिक्षकले गरेको कक्षा शिक्षण झनै प्रभावकारी हुन्छ । त्यसकारण खुला विद्यालय शिक्षा कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्ने शिक्षक / सहजकर्ताको योग्यता र तालिमको अवस्था कस्तो रहेछ भनी विद्यालयका शिक्षकहरुको अभिलेख हेर्दा निम्न अनुसार पाइयो ।

तालिका १० शिक्षक विवरण

| विद्यालयको नाम | शिक्षक संख्या | शैक्षिक योग्यता | | तालिम प्राप्त | तालिम प्राप्त% | तालिम अप्राप्त | तालिम अप्राप्त % |
|---|---|---|---|---|---|---|---|
| | | वि.ए वा सोसरह | सोभन्दा माथि | | | | |
| ज.मा.वि.,इटहरी | ८ | ५ | ३ | ८ | १०० | X | X |
| हि.उ.मा.वि,दमक | ८ | ४ | ४ | ७ | ८७.५ | १ | १२.५ |
| आ.उ.मा.वि,विराटनगर | ११ | ४ | ७ | ७ | ६३.६ | ४ | ३६.६ |
| जम्मा | २७ | १३ | १४ | २२ | ८१.४ | ५ | १८.५ |

स्रोत : विद्यालयको शिक्षकको अभिलेखवाट

माथिको तालिकामा अध्ययन क्षेत्र भित्र पर्ने तीनवटा खुला विद्यालयहरुमा शैक्षिक कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्ने २७ जना शिक्षकहरु मध्ये १३ जना शिक्षकहरुको न्यूनतम शैक्षिक योग्यता वि.ए. वा सो सरह रहेको पाइयो भने १४ जना शिक्षकहरुको योग्यता आवश्यक न्यूनतम योग्यता भन्दा माथि रहेको पाइयो । यस मध्ये पनि एकजना शिक्षकको योग्यता पि.एच.डी. तहको पनि रहेको पाइयो । सहजकर्ता (शिक्षक) हरु २७ जना मध्ये २२ जना (८१.४%) शिक्षकहरु तालिम प्राप्त रहेको पाइयो । तालिम प्राप्त शिक्षकहरु पनि शिक्षण कार्यमा औपचारिक विद्यालय शिक्षा तर्फवाट तालिम प्राप्त भएता पनि खुल ाविद्यालयमा सहजकर्ताको रुपमा तालिम नलिएको हुनाले सम्पर्क कक्षा संचालनमा उनीहरुलाई विभिन्न समस्या आउने गरेको पाइयो ।

हार्विन्सन् (सन् १९७०)को मानव संसाधन विकासको चिन्तन अनुसार मानव संसाधन विकास हुनु भनेको मानिसको चिन्तनमा विकास हुनु हो । मानिसको चिन्तनमा विकास भए पछि स्रोत र साधनहरुको पहिचान ऊ आफैले गरी प्रयोग गर्न सक्छ । यस तथ्यको आधारमा

माथिको तथ्याङकलाई विश्लेषण गर्दा मानिसको चिन्तनमा विकास हुन उसलाई गुणस्तरीय शिक्षाको आवश्यकता पर्दछ । तालिम अप्राप्त शिक्षकले गरेको शिक्षण भन्दा तालिम प्राप्त शिक्षकले गरेको शिक्षण झनै प्रभावकारी हुन्छ । तथ्याङक अनुसार शोध कार्यक्षेत्र भित्रका खुला विद्यालयहरुमा शिक्षण गर्ने सहजकर्ता शिक्षकहरु न्यूनतम योग्यता पुगेका र त्यस मध्ये पनि १४ जना (५१.८%) शिक्षकहरुको योग्यता न्यूनतम योग्यता भन्दा पनि बढी भएको (८१.४%) शिक्षकहरु तालिम प्राप्त रहेको कुरा सकारात्मक देखिन्छ भने हाल सम्म पनि (१८.५%) शिक्षकहरु तालिम अप्राप्तनै रहेको कारण गुणस्तरीय शिक्षा दिनका लागि केही समस्या रहेको देखिन्छ ।

## ४.६ खुला विद्यालय संचालनमा देखिएका समस्याहरु

खुला विद्यालय शिक्षा कार्यक्रम संचालनका सम्वन्धमा समस्याहरु रहेका छन् वा छैनन् भनी विद्यालयका प्र.अ./संयोजक सवै, सहजकर्ता/शिक्षक सबैजना, प्रत्येक विद्यालयका ५ जना छात्र र ५ जना छात्रा गरी १० जना सहभागी /विद्यार्थीहरु र प्रत्येक जिल्लाको खुला विद्यालय शिक्षा कार्यक्रम हेर्ने विद्यालय निरीक्षकहरु समेत ६३ जनालाई प्रश्न गर्दा दिएको उत्तरको मत परिणामलाई निम्नअनुसार तालिकामा देखाइएको छ ।

तालिका : ११ खुला विद्यालय संचालन सम्बन्धि समस्याहरु

| क.सं | समस्याहरु | संयोजक | सहजकर्ता | सहभागी | निरीक्षक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रसस्त छन् | ३ | २२ | २१ | २ | ४८ | ७६.१ |
| २ | सामान्य छन् | X | ४ | ४ | १ | ९ | १४.२ |
| ३ | थोरै छन् | X | १ | ५ | X | ६ | ९.२ |
| ४ | समस्या छैनन् | ४ | X | X | X | X | X |

स्रोत :प्रश्नावलीवाट प्राप्त मत (२०६७)

तालिका अनुसार समस्याहरु प्रसस्त रहेका छन् भन्ने संख्या ४८ जना (७६.१%), सामान्य छन् भन्ने ९ जना (१४.२%), समस्या थोरै छन् भन्ने ६ जना (९.२%) पाइयो भने समस्या छैनन् भन्ने कोही पनि पाइएनन् । खुला विद्यालय संचालन संग सम्वन्धित सबै

पक्षहरुलाई प्रश्न गर्दा कसैले पनि यो कार्यक्रम संचालनमा समस्याहरु नरहेको भन्ने उत्तर नदिएको कारण यो कार्यक्रम संचालनमा धेरे समस्याहरु रहेको भन्ने कुरा थाहा पाइयो ।

खुला विद्यालय शिक्षा कार्यक्रममा प्रसस्त समस्याहरु रहेका छन् भनी जानकारी प्राप्त भएपछि ती समस्याहरु के के रहेछन् भनी पुनः संयोजक, सहजकर्ताहरु, सहभागीहरु र निरीक्षकहरुलाई प्रश्न राख्दा पाठयक्रम सम्वन्धी, आर्थिक, प्रचारप्रसारमा कमी, विद्यार्थीको न्यून उपस्थिति, शैक्षिक सामग्रीको कमी, परीक्षा र मूल्याङकन प्रणालीमा समस्या, निरीक्षण अनुगमनमा कमी जस्ता समस्याहरुको विवरण प्राप्त भयो । यी समस्याहरुमा प्राप्त मत परिणामलाई निम्न अनुसार तालिकामा देखाइएको छ ।

तलिका :१२ खुला विद्यालय संचालनमा देखिएका समस्याहरुको विवरण

| क.स | समस्या विवरण | संयोजक | सहजकर्ता | सहभागी | निरीक्षक | जम्मा | % |
|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम | ३ | २७ | ३० | ३ | ६३ | १०० |
| २ | आर्थिक | ३ | २५ | १५ | X | ४३ | ६८.२ |
| ३ | प्रचार प्रसारमा कमी | ३ | १५ | १६ | ३ | ३७ | ५८.७ |
| ४ | विद्यार्थीको न्यून उपस्थिति | ३ | २७ | २० | X | ५० | ७९.३ |
| ५ | शैक्षिक सामग्रीको कमी | ३ | २६ | २५ | X | ५४ | ८५.७ |
| ६ | समय कमी | X | २० | २२ | १ | ४३ | ६८.२ |
| ७ | परीक्षा प्रणाली र मूल्याङकन | ३ | २७ | X | ३ | ३३ | ५२.३ |
| ८ | निरीक्षण र अनुगमनमा कमी | ३ | २५ | X | ३ | ३१ | ४९.२ |
| ९ | अन्य | X | १५ | २५ | X | ४० | ६३.४ |

स्रोत : प्रश्नावली वाट प्राप्त मत (२०६७)

माथिको तालिकावाट प्राप्त मतको आधारमा खुला विद्यालय संचालनमा देखिएका समस्याहरु मध्ये प्रमुख समस्या पाठ्यक्रममा रहेको जटिलताहरु नै हुन भनी १००% ले विचार दिएको पाइयो । त्यस्तै ८५.७% ले शैक्षिक सामग्री सम्बन्धमा, ७९.३% ले विद्यार्थीको न्यून उपस्थिति , ६८.२% ले आर्थिक, ६८.२% समयको कमी, ५८.७% ले प्रचारप्रसारको कमी, ५२.३% परीक्षा र मूल्याङकन प्रणाली, ४९.२% ले निरीक्षण र अनुगमन, ६३.४% विविध विषयहरुमा समस्याहरु रहेको भन्ने जानकारी पाइयो । सुविधा सम्पन्न बोर्डिङ्ग स्कूल सहित सार्वजनिक विद्यालयको औपचारिक शिक्षाका लागि तयार पारिएको पाठ्यक्रमनै औपचारिक

शिक्षावाट विद्यालय तह पारगर्न नसकी बसेका विद्यार्थीले एकैपटक कक्षा १० मा अध्ययन गर्नुपर्दा विद्यार्थीहरुलाई पठन पाठनमा थुप्रै समस्याहरु आईपरेको कुरामा सबै एक मत रहेको पाइयो ।

हार्विन्सन (सन् १९७०)का अनुसार "मानिसको चेतनामा विकास भए मानव संसाधन विकास हुन्छ । मानव संसाधन विकास भएपछि प्राकृतिक स्रोत र साधनको दोहन आफै हुन्छ ।" शिक्षाले मानवीय चेतनाको विकास गराउछ तर शिक्षा लिने र दिने क्रममा वाधा अडचनहरु अगाडि आए भने त्यसलाई पन्छाएर अगाडि बढ्न सक्नुपर्छ । त्यसो गर्न सकिएन भने मानव संसाधन विकास सम्भव हुदैन । यसै सन्दर्भमा माथिको तथ्याङकलाई विश्लेषण गर्दा अनौपचारिक प्रकृतिको खुला विद्यालय शिक्षा कार्यक्रमवाट मानव संसाधन विकास गर्ने क्रममा वाधा अड्चनको रुपमा माथि उल्लेख भएका थुप्रै समस्याहरु पहिचान गर्न सफल भएको पाइयो । समस्याहरु पत्ता लागि सके पछि तिनीहरुको समाधान क्रमश : हुंदै जाने कुरा निश्चित छ । यस कार्यवाट मानव संसाधन विकासमा सकारात्मक सहयोग पुग्ने देखिन्छ ।

# परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१ प्राप्ति

"खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता" विषयमा गरिएको शोध कार्यका लागि छनौट भएका विद्यालयहरुका प्र.अ./संयोजकहरु, शिक्षक/सहजकर्ताहरु, विद्यार्थी/सहभागीहरुका साथै सम्बन्धित क्षेत्रका विद्यालय निरीक्षकहरुसंग उद्धेश्य अनुरुप अनुसूचीमा उल्लेखित प्रश्नावलीहरु मार्फत धारणाहरु संकलन गरी विश्लेषण गर्दा निम्न अनुसारका तथ्यहरु पत्तालागेका छन् :-

सबै खुला विद्यालयहरु "खुला विद्यालय संचालन सम्वन्धी कार्यान्वयन पुस्तिका/निर्देशिका २०६५" अनुसार संचालन भएको जानकारी पाइयो । खुला विद्यालयमा विद्यार्थी भर्नाको कोटा ( ५० जना) भएता पनि पहिलो, दोस्रो, र तेस्रो वर्ष क्रमश :जनता.मा वि. इटहरीमा ३०, ८२ र १०८, हिमालय उ.मा.वि दमकमा ४६ र ८० र आदर्श उ.मा.वि. विराटनगरमा १९० र ६३ जना विद्यार्थीहरुले भर्ना लिएका रहेछन् । खुला विद्यालयको लक्ष्य अनुरुपका दलित, आदिवासी, जनजाति, पिछडिएका समुदाय विपन्न वर्गका छात्र छात्रहरु नै विद्यालयमा भर्ना भएका रहेछन्। यो शैक्षिक कार्यक्रम शैक्षिक सत्र २०६४ साल देखि जिल्लाका तोकिएका मा.वि./उ.मा.वि.हरुमा मात्र संचालन हुँदै आइरहेको छ । यस शैक्षिक कार्यक्रममा २७ जना मा.वि. तहका विषय शिक्षकहरु संलग्न रहेको पाइयो । त्यसमा ५ जना (१८.५%) शिक्षकहरु तालिम अप्राप्त रहेको पाइयो । आन्तरिक मूल्याङकन प्रक्रिया अन्तरगत नियमितता, गृहकार्य, एकाई परीक्षालाई आधार बनाइने त्यसको व्यक्तिगत पोर्टफोलियो राखिने गरेको पाइयो । वाह्य मूल्याङकन प्रक्रिया औपचारिक शिक्षाको एस.एल.सी परीक्षामा सामेल गराई लिने गरेको पाइयो ।

साधारण माध्यमिक विद्यालयको कक्षा १० को पाठ्यक्रमलाई नै माध्यमिक खुला शिक्षाको पाठ्यक्रमको रुपमा लिइएको पाइयो । सम्पर्क कक्षाहरु नियमित रुपमा संचालन हुने गरेको तर सम्पर्क कक्षामा विद्यार्थीको उपस्थिति न्यून हुने गरेको पाइयो । हाल सम्म तीन बटा विद्यालयमा भर्ना भएका ५९९ जना विद्यार्थीहरु मध्ये ५२१ जना विद्यार्थीहरु(८३.९%) विद्यार्थीहरु परीक्षामा सामेल भएको पाइयो भने ७८ जना (१३%) विद्यार्थीहरु परीक्षामा सामेल नभएको

पाइयो । तीन वर्षको एस.एल.सी. परीक्षाको शैक्षिक उपलब्धि अध्ययन गर्दा पहिलो वर्ष ४०%, दोस्रो वर्ष ८३%, तेस्रो वर्ष ५८.४% र औसत ६०.१% विद्यार्थीहरु उत्तीर्ण भएको पाइयो । एस.एल.सी. परीक्षामा उत्तीर्ण विद्यार्थीहरु मध्ये प्रथम श्रेणीमा १२.५%, द्धितीय श्रेणीमा ७२.९% र तृतीय श्रेणीमा १४.४% उत्तीर्ण भएको पाइयो । औपचारिक विद्यालयको विद्यार्थीको सिकाइ उपलव्धि भन्दा खुला विद्यालय तर्फका विद्यार्थीको सिकाइ उपलव्धि राम्रो भएको पाइयो ।

यस शैक्षिक कार्यक्रममा सहभागीको स्तर अनुसार पाठ्यक्रम कडाहुनु, सम्पर्क कक्षामा सहभागीता न्यून रहनु, अंग्रेजी, गणित, विज्ञान विषयहरुमा विद्यार्थीलाई पाठ बुझ्न र बुझाउन गाह्रो हुनु, प्रचारप्रसारको कमी हुनु, समयको तालमेल मिलाउन गाह्रो हुनु, विद्यार्थीको चाप बढे अनुसार विद्यालयमा विद्यार्थी कोटा कम हुनु, राज्यले ब्यहोर्ने आर्थिक व्ययभार कम हुनु, अनुगमन र मूल्याङकन प्रणलीमा कमजोरी देखिनु मुख्य समस्याहरु रहेको पाइयो ।

## ५.२ निष्कर्ष

"खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता" विषयमा गरिएको शोध कार्यको प्राप्तिहरुलाई अध्ययन गर्दा निम्न अनुसारका निष्कर्षहरु निस्किएका छन् :-

खुला विद्यालयहरु स्थापना भएको तीन वर्ष पूरा भई चौथो वर्ष लागेको छ । यति छोटो अवधिमा प्रचारप्रसारको कमी हुँदाहुँदै पनि यस कायक्रमको आवश्यकता र महत्व बढेको छ । औपचारिक शिक्षा लिन वाट बञ्चित निराश भएर बसेका छात्र-छात्राहरुलाई यस कार्यकमले संजीबनीको काम गरेको छ । खुला विद्यालयमा विद्यार्थी भर्ना संख्या प्रत्येक वर्ष वढदै गएको छ । कार्यक्रम कार्यन्वयन पुस्तिका/निर्देशिकाको निर्देशनमा यो कार्यक्रम संचालन भई रहेको छ । त्यसैले यो कार्यक्रम औपचारिक विद्यालय शिक्षाको दह्रो विकल्प बनेर अगाडि वढि रहेको छ ।

खुला विद्यालय शिक्षा कार्यक्रम विभिन्न कारणवाट औपचारिक शिक्षा लिनवाट वञ्चित दलित, आदिवासि, जनजाति, विपन्न वर्ग र अन्य समुदायका छात्र छात्राहरुलाई लक्षित गरी सिकाइलाई निरन्तरता दिलाउन अगाडि ल्याइएको कार्यक्रम भएको हुनाले यस कार्यक्रमले आफ्नो लक्ष्य अनुसार केही प्राप्त गर्न सकेको भएता पनि अझै कार्यक्रमलाई लक्षितवर्ग सम्म पुऱ्याउन थप प्रयास गनुपर्ने आवश्यकता महसुस भएको छ ।

यस कार्यक्रममा विद्यार्थीका लागि तोकिएको पाठ्यक्रम स्तर अनुरुप केही जटिल भए पनि, मूल्याङकन प्रणालिमा केही कमिकमजोरीहरु रहे पनि विद्यालयमा भर्ना लिई एस.एल.सी. परीक्षामा संलग्न हुने छात्र छात्राहरुको संख्या उल्लेख्य रहेको छ । साथै एस.एल.सी. परीक्षाको शैक्षिक उपलब्धि राष्ट्रिय रेकर्डको नजिक रहेको, औपचारिक विद्यालयको विद्यार्थीको भन्दा राम्रो रहेको हुनाले यसलाई उपलब्धि मूलक नै मान्नु पर्दछ ।

जुनसुकै कार्यक्रम संचालन गर्दा पनि त्यसमा केही कमी कमजोरीहरु, वाधा अडचनहरु, समस्याहरु आउने गर्दछन् । यो कार्यक्रम पनि यी कुराहरुवाट मुक्त छैन् । यस कार्यक्रममा पनि थुप्रै समस्याहरु रहेको कुरा तथ्याङक संकलनका क्रममा प्राप्त भयो । तर ती समस्याहरु पनि समाधान गर्न नसकिने किसिमका छैनन् । सम्बन्धित पक्षबाटनै समाधानका उपायहरु प्राप्त भएका छन् । सम्बन्धित क्षेत्रले यस तर्फ ध्यान दिए कार्यक्रममा प्रभावकारिता ल्याउन मद्दत मिल्ने छ ।

समग्रमा औपचारिक शिक्षा लिनबाट वञ्चित भएर सुसुप्त अवस्थामा बसेका मानवीय ससाधनलाई सचेत गराउने र मानवीय स्रोत विकासमा सहयोग पुऱ्याउने जस्ता जटिल कार्य खुला विद्यालय शिक्षा कार्यक्रमले गर्दै गरेको हुनाले यस कार्यक्रमको प्रभावकारिता वढिरहेको कुरा पुष्टि हुन्छ ।

## ५.३ सुझावहरु

"खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता" शीर्षकमा गरिएको शोधकार्यमा अनुसन्धानको क्रममा विभिन्न पक्षहरु संग अन्तरवार्ता लिदा प्राप्त भएका समस्याहरुको समाधान गरी खुला विद्यालय शिक्षा कार्यक्रमलाई अझ प्रभावकारी वनाउन निम्न अनुसारका सुझावहरु सिफारिस गरिएका छन् ।

### ५.३.१ नीति निर्मातालाई दिइएका सुझावहरु

क. खुला विद्यालय शिक्षा कार्यक्रमका लागि आफ्नै किसिमको व्यवहारिक पाठ्यक्रमको तर्जुमा गरी लागु गर्नु वान्छनीय देखिन्छ ।

ख. खुला विद्यालय शिक्षा कार्यक्रमको प्रचार प्रसार गरी लक्षित समूहसम्म पुऱ्याउन आवश्यक छ ।

ग. खुला विद्यालय शिक्षा कार्यक्रमलाई औपचारिक शिक्षा कार्यकमको विकल्पको रुपमा वढाउन

सक्नु पर्दछ ।

घ. खुला विद्यालय शिक्षाका लागि वार्षिक वजेट वृद्धि गरिनु पर्छ ।

ङ. परीक्षा तथा मूल्याङकन प्रकृयामा परिमार्जन गर्नु आवश्यक छ ।

च. सम्पर्क कक्षामा नियमितता वृद्धि गर्न, नियमित हुने सहभागिलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग गर्ने गर्नु पर्दछ ।

छ. पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरु उत्पादन गरी वितरण गर्नु पर्दछ ।

ज. सम्भव भए सम्म खुला शिक्षाका लागि छुट्टै स्रोत केन्द्रको व्यवस्था गरिनु पर्दछ ।

झ. खुला विद्यालयको संख्या र कोटा बढाउनु पर्दछ ।

ञ. सम्पर्क कक्षाको संख्या र समय बढाउनु पर्दछ ।

ट. निरीक्षण, अनुगमन र निर्देशनको कामलाई कडाइका साथ प्रयोग गर्नु पर्दछ ।

### ५.३.२ विद्यालयहरुलाई दिइएका सुझावहरु

क. खुला विद्यालयमा कार्यक्रमले लक्षित गरेका विद्यार्थीहरुलाई भर्ना गर्नका लागि प्रचार प्रसार कार्यमा तिव्रता दिने ।

ख योग्यता पुगेका तालिम प्राप्त शिक्षकहरुवाट मात्र सम्पर्क कक्षा संचालन गर्न लगाउने ।

ग. विद्यालयले विद्यार्थीहरुका लागि सहयोगी वातावरण सृजना गरिदिने ।

घ. माथीबाट प्राप्त शैक्षिक सामग्रीहरु सवै विद्यार्थीलाई पुग्ने गरी वितरण गरिदिने ।

ङ. विद्यालय, शिक्षक र विद्यार्थीको सहमतिमा मात्र सम्पर्क कक्षाहरुको समय निर्धारण गर्ने ।

च. तोकिएको पाठ्यक्रम लागु गर्न, मूल्याङकन प्रक्रिया अपनाउन निर्देशनको कडाइका साथ पालना गर्ने ।

### ५.३.३ अनुसन्धानकर्तालाई सुझाव

क. खुला विद्यालय र औपचारिक विद्यालय व्यवस्थापन वीचको अन्तर पत्ता लगाउने ।

ख. औपचारिक र अनौपचारिक शिक्षा वीचको अन्तर पत्ता लगाउने ।

ग. खुला विद्यालय स्थापनाले सवैका लाागि शिक्षा कार्यक्रममा पारेको प्रभाव पत्ता लगाउने ।

घ. खुला विद्यालयलाई औपचारिक विद्यालयको विकल्पको रुपमा स्थापना गर्न गर्नुपर्ने कार्यहरु सम्वन्धमा ।

ङ. खुला विद्यालय र औपचारिक विद्यालय वीच पाठयक्रममा देखिएका समस्याहरु समाधान सम्वन्धमा ।

## सन्दर्भ सामग्री

काफ्ले वासुदेव तथा अन्य (२०६१), ***शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा,*** कमलपोखरी, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला विद्यानाथ, श्रेष्ठ चन्द्रवहादुर (२०६३), ***शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,*** भोटाहिटि, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६५),***अनुसन्धान पद्धति*** ,कीतिृपुर, काठमाण्डौ : सनलाइट पब्लिकेसन ।

थापा, विजय कुमार तथा अन्य (२०६४), ***व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन*** ,भोटाहिटि, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

मालाकार, सुनीता तथा साथीहरु (२०६३), ***दूर शिक्षा विशेषाङ्क,*** सानोठिमी भक्तपुर : नेपाल सरकार शैक्षिक जनशक्ति विकास केन्द्र ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३) ***दूर शिक्षा/ खुला सिकाइ कार्यक्रम सञ्चालन सम्वन्धि निर्देशिका*** सानोठिमी भक्तपुर ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), ***खुला विद्यालय संचालन सम्वन्धी कार्यान्वियन पुस्तिका/निर्देशिका*** सानोठिमी, भक्तपुर ।

नेपाल सरकार शिक्षा मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्र (२०६६), ***अनौपचारिकशिक्षा नीति*** (२०६३) सानोठिमि भक्तपुर ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०६६), ***खुला विद्यालय संचालन सम्वन्धी कार्यन्वयन पुस्तिका,*** सानोठिमि भक्तपुर ।

पाक्षिक पत्रिका (२०६६) ***एजुकेशनल पेजेज,*** काठमाण्डौ, एन.पि.टि.सि. लिमिटेड चावाहिल ।

विष्ट, मीन वहादुर (२०४८), ***शिक्षाको सिद्धान्त*** , पुलचोक ललितपुर : साझा प्रकाशन ।

शर्मा एण्ड शर्मा (२०६३), ***शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,*** भोटाहिटि काठमाण्डौ : एम.के.पव्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शर्मा, गोपीनाथ (२०५५), ***उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन*** , काठमाण्डौ : मकालु वुक्स एण्ड डिष्ट्रिव्यूटर्स ।

त्रि.वि. ***अनौपचारिक शिक्षा*** , त्रिपुरेश्वर काठमाण्डौ : शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता

संयोजक / प्र.अ. लाई सोधिने अन्तरवार्ताका प्रश्नावली

अनुसूची : १

संयोजकको नाम:-                    खुला विद्यालय :-

योग्यता :-

१ खुला विद्यालय संचालन भएको कति वर्ष भयो ?

एक    दुई    तीन    चार

२ विद्यार्थी भर्नाका आधारहरु के के हुन् ?

..................    ........................    .........................    ......................

३ के खुला विद्यालय स्थापनाको उद्देश्य अनुरुपका विद्यार्थीहरु भर्ना गर्न सकिएको छ ?

छ    छैन

४ कस्ता कस्ता विद्यार्थीहरु खुला विद्यालयमा भर्नाका लागि आउने गरेका छन् ?

नोकरी गर्ने    गृहणी    व्यवसाय गर्ने    खेती गर्ने

५ सहजकर्ता/ शिक्षकको व्यवस्था कसरी मिलाउनु भएको छ ?

विद्यालयका शिक्षकवाट    बाहिरवाट    विद्यालय र बाहिरको शिक्षकहरु मिलाएर

६ सम्पर्क कक्षाको व्यवस्था कसरी मिलाउनु भएको छ ?

शिक्षकको समय हेरेर    विद्यार्थीको समय हेरेर

शिक्षक / विद्यार्थीको सहमतिबाट    विद्यालयले तोके अनुसार

७ खुला विद्यालयवाट एस.एल.सी.परीक्षामा विद्यार्थी सामेल भएको कति वर्ष भयो ?

....................

८ आन्तरिक मूल्याङकन कसरी हुने गरेको छ ?

कक्षा कार्यबाट    गृहकार्यबाट    एकाई परीक्षाबाट    नियमितताबाट    सवै

९ के सम्पर्क कक्षा संचालनमा समस्याहरु रहेका छन् ?

प्रशस्त छन    सामान्य    थोरै    छैनन

१० समस्याहरु रहेको भए के के होलान ? ...............    ................    ...................

११ खुला विद्यालय संचालनलाई सहज तुल्याउन तपाईका अमूल्य सुझावहरु के के छन् ?

.................    ..............    ..............    .................

## खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता

## सहजकर्ता / शिक्षकसंग सोधिने अन्तरवार्ताका प्रश्नावलीहरु

अनुसूची : २

सहजकर्ताको नाम :- विद्यालयको नाम :-

शैक्षिक योग्यता :- संचालन गर्ने विषय :-

१ तपाईले खुला विद्यालयको सम्पर्क कक्षा संचालन गर्नु भएको कति वर्ष भयो ?........वर्ष

२ सम्पर्क कक्षाको समय कसरी निर्धारण हुने गरेको छ ?

शिक्षकको समय हेरेर विद्यार्थीको समय हेरेर

शिक्षक विद्यार्थीको सहमति वाट विद्यालयले तोके अनुसार

३ सम्पर्क कक्षामा विद्यार्थीको उपस्थिति कस्तो रहेको छ ?

सवै ठिकै न्यून

४ सम्पर्क कक्षा संचालनमा प्रयोग हुने शैक्षिक सामग्रीहरु के के रहेका छन् ?

पाठ्यपुस्तक सहयोगी पुस्तक सि.डी अन्य

५ आन्तरिक मूल्याङकन कसरी गर्ने गर्नु भएका छ ?

कक्षा कार्यबाट गृहकार्यबाट एकाई परीक्षाबाट नियमिततताबाट

सबै

६ सम्पर्क कक्षा संचालन गर्न तपाईले विद्यालयवाट कतिको सहयोग पाईरहनु भएको छ ?

राम्रो सामान्य

७ तपाईले सम्पर्क कक्षा संचालन गरेको विषयको वाह्य परीक्षाको सिकाइ उपलब्धि कस्तो रहेको छ ? राम्रो समान्य कमजोर

८ के सम्पर्क कक्षा संचालनमा समस्याहरु रहेका छन् ?

प्रसस्त छन सामान्य थोरै छैनन

९ समस्याहरु रहेको भए भनि दिनु हुन्छ कि ?

............... ............. ............. .............

१० खुला विद्यालयलाई राम्ररी संचालन गर्न तपाईको सुझावहरु के के छन् ?

...................

## खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता

## सहभागी / विद्यार्थीलाई सोधिने अन्तरवार्ताका प्रश्नावलीहरु

अनुसूची : ३

विद्यार्थीको नाम :-                                        खुला विद्यालयको नाम :-

१ तपाई कुन पेशामा संलग्न हुनुहुन्छ ?

व्यवसाय    नोकरी    खेती    गृहणी    अन्य

२ तपाईले खुला विद्यालयमा प्रवेश लिनुको उद्देश्य के हो ?

अध्ययनलाई निरन्तरता दिन    फुर्सदको समय विताउन    मौकाको फाइदा लिन

३ तपाई सम्पर्क कक्षामा नियमित सहभागी भई रहनु भएको छ ?

छ    छैन    कहिलेकांहि मात्र

४ सम्पर्क कक्षामा उपस्थित हुन नसक्नु भएको भए कारणहरु के के होलान ?

............ .............. ............... ................

५ सम्पर्क कक्षाको समय कसरी निर्धारण हुने गरेको छ ?

शिक्षकको समय हेरेर    विद्यार्थीको समय हेरेर

शिक्षक विद्यार्थीको समय हेरेर    विद्यालयले तोके अनुसार

६ तपाई सम्पर्क  कक्षामा सहभागी हुँदा पाठ बुझ्न कतिको समस्या परिरहेको छ ?

समस्या छैन    गाह्रो भएको छ

७ सम्पर्क कक्षामा कस्ता कस्ता शैक्षिक सामग्रीहरु प्रयोग हुने गरेका छन ?

पाठ्यपुस्तक    सहयोगी पुस्तक    सि.डी    अन्य

८ आन्तरिक मूल्याङकन कसरी हुने गरेको छ ?

कक्षा कार्यबाट    गृहकार्यबाट    एकाई परीक्षावाट

नियमितताबाट    सबै

९  के सम्पर्क कक्षामा सहभागी हुन समस्याहरु रहेका छन् ?

प्रशस्त छन    सामान्य    थोरै    छैनन

१० सम्पर्क कक्षामा सहभागी हुँदा समस्याहरु रहेका भए के के होलान ? ...........  ............

११  खुला विद्यालयलाई राम्ररी संचालन गर्न तपाईका केही सुझावहरु छन कि ?

.................... .......................... ...........................

खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता

विद्यालय निरीक्षकलाई सोधिने अन्तरवार्ताका प्रश्नावलीहरु

अनुसूची : ४

निरीक्षकको नाम : कार्यालय :

जिल्ला :

१. तपाईको जिल्लामा खुला विद्यालय संचालन भएको कति वर्ष भयो ?

.......................... वर्ष

२. तापईको जिल्लामा जम्मा कतिवटा माध्यमिक स्तरका खुला विद्यालयहरु स्थापना भएका छन् ?

.......................... वटा

३. खुला विद्यालय शिक्षा कार्यक्रमको अनुगमन कतिको गरिरहनुभएको छ ?

निरन्तर रुपमा कहिले काँहिं भएको छैन्

४. खुला विद्यालय संचालनका लागि सरकारी पक्षबाट दिइने सुविधाहरु के के रहेका छन् ?

.......................... .......................... ..........................

.......................... .......................... ..........................

५. तपाईको जिल्लामा खुला विद्यालय अध्ययन गर्ने विद्यार्थीको शैक्षिक उपलब्धि कस्तो रहेको छ?

राम्रो सामान्य न्यून

६. के खुला विद्यालय संचालन गर्न समस्या परिरहेको छ ?

प्रशस्त छन सामान्य थोरै छैनन

७. समस्याहरु भएको भए उल्लेख गरि दिनु हुन्छ कि ?

.......................... .......................... ..........................

.......................... .......................... ..........................

८. खुला विद्यालयलाई अझ राम्ररी संचालन गर्न तपाईको अमूल्य सुझावहरु के के छन् ?

.......................... .......................... ..........................

खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता

## सर्वेक्षण फारम

अनुसूची : ५

| विद्यालयको नाम | शैक्षिक सत्र २०६४ | | | | | शैक्षिक सत्र २०६५ | | | | | शैक्षिक सत्र २०६६ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र % | छात्रा % | छात्र | छात्रा | जम्मा | छात्र % | छात्रा % | छात्र | छात्रा | जम्मा | छात्रा % | छात्रा % |
| जनता .मा.वि. इटहरी | | | | | | | | | | | | | | | |
| हिमालय .उ.मा.वि दमक | | | | | | | | | | | | | | | |
| आ.उ.मा.वि विराटनगर | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | |

खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता

# सर्वेक्षण फारम

## अनुसुची : ६

| शैक्षिक सत्र | विद्यालयको नाम | जम्मा विद्यार्थी | दलित | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्र | छात्रा | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा % |
| २०६४ | ज.मा.वि. इटहरी | | | | | | | | | | | | | |
| | हि.उ.मा.वि दमक | | | | | | | | | | | | | |
| | आ.उ.मा.वि. विराटनगर | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | |
| २०६५ | ज.मा.वि. इटहरी | | | | | | | | | | | | | |
| | हि.उ.मा.वि. दमक | | | | | | | | | | | | | |
| | आ.उ.मा.वि. विराटनगर | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | |
| २०६६ | ज.मा.वि. इटहरी | | | | | | | | | | | | | |
| | हि.उ.मा.वि. दमक | | | | | | | | | | | | | |
| | आ.उ.मा.वि. विराटनगर | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | |

अनुसूची : ७

| शैक्षिक सत्र | विद्यालयको नाम | भर्ना संख्या | परीक्षामा सामेल | | | उत्तीर्ण संख्या | | | | विद्यालयछोडने संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | जम्मा % | जम्मा | जम्मा % |
| २०६४ | ज.मा.वि. इटहरी | | | | | | | | | | |
| | हि.उ.मा. वि.दमक | | | | | | | | | | |
| | आ.उ.मा वि विराटनगर | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | |
| २०६५ | ज.मा.वि. इटहरी | | | | | | | | | | |
| | हि.उ.मा. वि.दमक | | | | | | | | | | |
| | आ.उ.मा वि विराटनगर | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | |
| २०६६ | ज.मा.वि. इटहरी | | | | | | | | | | |
| | हि.उ.मा. वि.दमक | | | | | | | | | | |
| | आ.उमा वि. विराटनगर | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | |

खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता

अनुसूची : ८

| शैक्षिक सत्र | विद्यालयको नाम | उत्तीर्ण संख्या | | प्रथम श्रेणी | | | | द्वितीय श्रेणी | | | | तृतीय श्रेणी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा % |
| २०६४ | ज.मा.वि. इटहरी | | | | | | | | | | | | | | |
| | हि.उ.मा.वि दमक | | | | | | | | | | | | | | |
| | आ.उ.मा.वि विराटनगर | | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | | |
| २०६५ | ज.मा.वि. इटहरी | | | | | | | | | | | | | | |
| | हि.उ.मा.वि. दमक | | | | | | | | | | | | | | |
| | आ.उ.मा.वि. विराटनगर | | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | | |
| २०६६ | ज.मा.वि. इटहरी | | | | | | | | | | | | | | |
| | हि.उ.मा.वि. दमक | | | | | | | | | | | | | | |
| | आ.उ.मा.वि. विराटनगर | | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | | |

खुला विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता

अनुसूची : ९

| शैक्षिक | विद्यालयको नाम | परीक्षामा सामेल | दलित | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्र | छात्रा | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा % | छात्र | छात्रा | जम्मा | जम्मा % |
| २०३४ | ज.मा.वि. इटहरी | | | | | | | | | | | | | |
| | हि.उ.मा.वि दमक | | | | | | | | | | | | | |
| | आ.उ.मा.वि विराटनगर | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | |
| २०३५ | ज.मा.वि. इटहरी | | | | | | | | | | | | | |
| | हि.उ.मा.वि. दमक | | | | | | | | | | | | | |
| | आ.उ.मा.वि विराटनगर | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | |
| २०३३ | ज.मा.वि. इटहरी | | | | | | | | | | | | | |
| | हि.उ.मा.वि. दमक | | | | | | | | | | | | | |
| | आ.उ.मा.वि विराटनगर | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | |

## सर्वेक्षण फारम

अनुसूची : १०

| विद्यालयको नाम | शिक्षक संख्या | शैक्षिक योग्यता | | तालिम प्राप्त | तालिम प्राप्त% | तालिम अप्राप्त | तालिम अप्राप्त % |
|---|---|---|---|---|---|---|---|
| | | वि.ए वा सोसरह | सोभन्दा माथि | | | | |
| ज.मा.वि.,इटहरी | | | | | | | |
| हि.उ.मा.वि,दमक | | | | | | | |
| आ.उ.मा.वि,विराटनगर | | | | | | | |
| **जम्मा** | | | | | | | |